का.जि.प्र.का.द.नं. १००/०५९/६०

❒ वर्ष १९, अंक २१९
❒ ७ असोज २०७८, बिहीबार
❒ 23 September 2021, Thursday
www.madhyanhadaily.com

पृष्ठ १२ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

मध्यान्ह राष्ट्रिय दैनिक पत्रिका अनलाइनमा पढ्नका लागि QR कोड स्क्यान गर्नुहोला ।



कञ्चनपुरको लालझाडी गाउँपालिका-२ कञ्जका महिला कुचो बनाउन काँस जातको घाँसको फूल झार्दै । तस्वीर: राजेन्द्रप्रसाद पनेरु, रासस

# सुल्झिएन सकस

सरकार बनेको ७२ दिनपछि डा. नारायण खड्का परराष्ट्रमन्त्री नियुक्त भएपनि सत्ता साझेदार दलहरुबीच कुरा मिल्न नसक्दा मन्त्रिपरिषद् विस्तार फेरि रोकिएको छ । बुधबार साँझ बालुवाटारमा बसेको बैठकले मन्त्रिपरिषद् बिस्तारबारे निर्णय लिन सकेन ।



बालुवाटारमा बसेको सत्ता गठबन्धनको बैठकमा शीर्ष नेताहरु । तस्वीर: रासस

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौ, ६ असोज ।

सत्ता साझेदार दलहरुबीच सरकारलाई पूर्णता दिनेबारे बुधबार पनि सहमति जुट्न सकेन । मन्त्रिपरिषद् बिस्तारबारे छलफल गर्न सत्ता साझेदार दलका प्रमुखहरुको बैठक प्रधानमन्त्रीको निवास बालुवाटारमा बसेको थियो । साँझ अवेरसम्म बसेको बैठकले ठोस् निर्णय गर्न सकेन ।

मंगलबार साँझ पनि सत्ता साझेदार दलका प्रमुखहरु छलफलमा बसेका थिए । उक्त छलफलले परराष्ट्रमन्त्री भने टुंग्याउने निर्णय गर्‍यो । उक्त निर्णयअनुसार, बुधबार डा.नारायण खड्का परराष्ट्रमन्त्री नियुक्त भए । नेपाली काँग्रेसका नेता खड्का परराष्ट्रमन्त्री नियुक्त भएलगत्तै राष्ट्र संघको बैठकमा भाग लिन अमेरिका गए ।

खड्कासहित प्रधानमन्त्री शेरबहादुर देउवा नेतृत्वको सरकारमा तीन मन्त्री र एक राज्य मन्त्री नियुक्त भएका छन् । प्रधानमन्त्री देउवासँगै गएको २९ असारमा काँग्रेसका नेताहरु बालकृष्ण खाँण गृह र ज्ञानेन्द्रबहादुर कार्की कानून मन्त्री नियुक्त भएका थिए । यसपछि प्रधानमन्त्री देउवाले १० साउनमा उमेश श्रेष्ठलाई स्वास्थ्य राज्यमन्त्री नियुक्त गरे ।

मन्त्रिपरिषद्मा नेकपा माओवादी केन्द्रका दुई मन्त्री छन् । जनार्दन शर्मा अर्थ र पम्फा भुसाल उर्जा मन्त्री छन् । बाँकी १६ मन्त्रालय प्रधानमन्त्री देउवा आफैले सम्हालिरहेका छन् । सत्ता बाँकी पृष्ठ २ मा

चाडपर्वको बेला सवारी साधनमा भिडभाड नगरौं, मादक पदार्थ सेवन गरी सवारी साधन नचलाऔं ।

दुर्घटनाबाट आफूपनि बचौं र अरूलाई पनि बचाऔं

नेपाल सरकार
विज्ञापन बोर्ड

# कार्यतालिका फेरि संशोधन



**मुक्ति रेग्मी/मध्यान्ह**
काठमाडौं, ६ असोज ।

सत्तारुढ दल नेपाली काँग्रेसले महाधिवेशन कार्यतालिका फेरि संशोधन गरेको छ । क्रियाशील सदस्यता विवाद नटुंगिएपछि काँग्रेसले महाधिवेशन कार्यतालिका संशोधन गरेको हो । बुधबार बसेको पदाधिकारी बैठकले १४औं महाधिवेशन कार्यतालिका संशोधन गर्ने निर्णय गरेको हो ।

संशोधित कार्यतालिका अनुसार, दशैं अगाडि स्थानीय तहको मात्रै अधिवेशन हुने बरिष्ठ नेता रामचन्द्र पौडेलले बताए । पालिका, नगरपालिका, उपमहानगरपालिका, महानगर पालिकाको अधिवेशन मात्रै दशैं अगाडि हुने पौडेले बताए । काँग्रेसको १३ जिल्लामा अझै क्रियाशील सदस्यता वितरणमा विवाद छ । क्रियाशील सदस्यता वितरणमा समस्या देखिएकै कारण काँग्रेसले समयमा महाधिवेशन गर्न सकेको थिएन ।

क्रियाशील सदस्यता वितरणमा समस्या भने नेतृत्व हत्याउने नेताहरुको स्वार्थका कारण हुँदै आएको छ । काँग्रेसको विधानले महाधिवेशन हरेक चार वर्षमा हुनुपर्छ । संविधानले पनि पाँच वर्षभित्र महाधिवेशन गर्नुपर्ने व्यवस्था गरेको छ । तर विशेष कारण भए थप ६ महिनाको समय महाधिवेशनका लागि पाउँछन् ।

काँग्रेसले त्यो साढे पाँच वर्षको अवधि समेत गुमाइसकेको छ । साढे पाँच वर्षभित्र महाधिवेशन भएको थियो भने काँग्रेसको महाधिवेशन २३ भदौभित्रै हुनुपर्ने थियो । तर कोरोना महामारीका कारण सर्वोच्च अदालतले चार महिना शून्य समय मानेको र समय सकिन अगाडि नै अधिवेशन शुरु भइसकेको भन्ने कानूनी छिद्र बाँकी पृष्ठ २ मा

# ७० करोडको ठेक्कामा प्राधिकरण अदालत जाने

**विभा शर्मा/मध्यान्ह**
असोज ६, काठमाडौं ।

नीजि क्षेत्रको दूरसञ्चार सेवा प्रदायक कम्पनी सुबिसु केबल नेट विरुद्ध नेपाल दूरसञ्चार प्राधिकरण अदालतमा जाने भएको छ । सुबिसुले सम्झौताअनुसार, काम नभएको भन्दै प्राधिकरण अदालत जान लागेको हो ।

प्राधिकरणसँग सुबिसुले प्रदेश-२ का जिल्लाहरु सप्तरी, सिराह, धनुषा, महोत्तरी, सर्लाही, बारा, पर्सा र रौतहटमा अप्टिकल ब्रोडब्याण्ड निर्माण तथा इन्टरनेट बिस्तार गर्ने सम्झौता गरेको थियो । प्राधिकरणका तत्कालीन अध्यक्ष दिगम्बर झाले राजीनामा दिनु केही दिन अगाडि सुबिसुलाई ठेक्का दिएका थिए । तत्कालीन सरकारले २०७५ भदौ २१ झालाई प्राधिकरणको अध्यक्ष नियुक्त गरेको थियो । विरोधपछि २५ पुस २०७५ मा राजीनामा दिएका थिए ।

राजीनामा अघि झाकै स्वार्थमा सुबिसुसँग ३१ असोज २०७५ मा सम्झौता गरिएको थियो । त्यतिबेला नियोजित रुपमा प्राधिकरण पक्षलाई कमजोर बनाएर सम्झौता गर्दा अहिले समस्या देखिएको प्राधिकरणका अधिकारीहरु बताउँछन् । प्राधिकरण र सबिसु बीच एक वर्षभित्र बाँकी पृष्ठ २ मा

## कतारको अदालतले कामदारलाई भन्यो
# 'आफ्नो असन्तुष्टि पहिले रोजगारदातासमक्ष राख्नू'

**मध्यान्ह संवाददाता**
काठमाडौं, ६ असोज

कतारको अदालतले विदेशी कामदारले आफ्नो असन्तुष्टि सबैभन्दा पहिले आफ्नो रोजगारदाता समक्ष राख्नु पर्ने बताएको छ । एक विदेशी कामदारले रोजगारदाता कम्पनीले आफ्नो कार्य सम्पादन सही मुल्यांकन नगरेका कारण आफ्नो पदोन्नति नभएकाले न्याय र क्षतिपूर्ति माग्न अदालतमा उजुरी गरेका थिए ।

कामदारको मुद्दा खारेज गर्दै अदालतले भनेको छ, 'उजुरीकर्ता कामदारले आफ्नै रोजगारदाता समक्ष आफ्ना सिकायत विधिवत राख्नुपर्छ ।'

अदालतले कम्पनीबाट राजीनामा गरिसकेका कामदारको उजुरी गर्ने हकदैया नरहने पनि फैसलामा भनेको छ । यसले रोजगारीका क्रममा कम्पनीमा हुने अन्याय तथा विभेदका विरूद्ध संघर्ष गर्न रोजगारीमा नै रहनुपर्छ भन्ने देखाएको छ ।

खाडीका विभिन्न देशमा कार्यरत कामदार तलब सुविधा नपाएको भन्दै कम्पनी छोडेर हारगुहार लगाउने गर्दछन् । तर अदालतले रोजगारदातासमक्ष निश्चित प्रक्रियामा आफ्ना अधिकार, न्याय र सुविधा खोजिएको हुनैपर्ने र त्यो माग रोजगारदाताले नसुनेको भएमात्र अदालतले सुनुवाइको अवसर दिन सक्ने बताएको छ ।

कतारमा सप्लाई कम्पनीमार्फत काम गर्ने विदेशी कामदार बढी पीडित भएको बताइन्छ । एम्नेस्टी इन्टरनेशनलले आप्रवासी कामदाहरू आर्थिक, मानसिक र शरीरिक शोषणमा पर्ने गरेको बताउँदै आएको छ ।

कतारको सुरा काउन्सिलले आप्रवासी कामदार भर्ना तथा रोजगारसम्बन्धी कानून परिवर्तन गर्न सिफारिस गरेपनि प्रभावकारी नभएको कतिपयको भनाइ छ ।




**वैदेशिक रोजगार विशेष**

# भिसा अवधिभित्रै नफर्किए तीन वर्षे बन्देज

काठमाडौं/मस- साउदी अरबले बिदामा घर फर्की भिसा अवधि भित्रै नफर्किनेलाई तीन वर्षे बन्देज लगाउने भएको छ । साउदी गजेटका अनुसार तसाउदी अरबबाट विदामा गएकाहरूले रोजगारदाताले नयाँ भिसा उपलब्ध गराएमा बाहेक तीन वर्षे प्रावधान लागू हुने बताएको छ । घरेलु कामदारको हकमा भने ६ महिनाभित्र साउदी अरब नफर्केमा उनीहरुको आवासीय अनुमति तथा भिसा स्वतः खारेज गरिने जनाइएको छ ।

म्यानपावर चाहियो

साउदी आइ. डी. भएको म्यानपावर, लाइसेन्स मात्र वा फर्निचर सहित बिक्रि गर्न चाहनेले सम्पर्क गर्नुहोला, पार्टनर हुन चाहनेले पनि सम्पर्क गर्न सक्नुहुनेछ ।

मोबाइल:9816909265

# माथिल्लो अरुण जलविद्युत आयोजनाको निर्माण तत्काल अगाडि बढाउन माग

**काठमाडौं/मस**–संखुवासभाको भोटखोला गाउँपालिकामा पहिचाहन भएको १ हजार ६१ मेगावाटको अर्धजलाशययुक्त माथिल्लो अरुण जलविद्युत आयोजनाको निर्माण तत्काल अगाडि बढाउन स्थानीयबासिन्दाले माग गरेका छन् । ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्री पम्फा भुसालको नेतृत्वमा बुधबार आयोजनाको स्थलगत अवलोकनमा गएको अर्थ मन्त्रालय, विश्व बैकका प्रतिनिधि सम्मिलित उच्चस्तरीय टोलीलाई स्थानीयबासीहरुले आयोजनाको जतिसक्दो छिट्टो निर्माण सुरु गर्न आवश्यक सहयोग गर्न तयार रहेको बताएका छन् ।



माथिल्लो अरुण जलविद्युत आयोजना प्रभावित सरोकार मञ्चका अध्यक्ष लादर भोटेले आफ्नो भूगोलबाट बनेको पानीबाट उत्पादित बिजुली बाल्न आतुर रहेकाले आयोजनाको निर्माण जतिसक्दो छिट्टो सुरु गर्नु पर्ने बताए । 'आयोजना बन्न लागेकोमा खुसी छौं, आयोजनासँगै सडक निर्माण हुने भएकाले गाडी चड्न पाउने छौं, विद्यालय तथा स्वास्थ्य क्षेत्रको सुधार हुने छ छ', भोटेले भने,'आयोजनाको अनुगमन गर्ने र हेरेर जाने मात्रै हैन वास्तविक रुपमै निर्माण सुरु गर्नु पर्‍यो, स्थानीय रुपमा हुने अवरोध हटाएर आयोजना सफल बनाउन तयार छौं ।'

मन्त्री भुसालले आयोजनाको अहिले भइरहेको विस्तृत अध्ययनलाई जतिसक्दो छिट्टो सक्ने र लगानी स्वरुप टुङ्गो लगाएर निर्माण सुरु गर्ने बताइन् । 'आयोजना चर्चामा आउने तर दशकौंसम्म निर्माण नुहने अवस्था छ, यसको अन्त्य गरी माथिल्लो अरुण स्थानीय जनताले लाभ पाउने गरी निर्माण गर्न हरसम्भव प्रयास गरिरहेका छौं'उनले भनिन्,' आयोजनाको लाभको हकहदार स्थानीय जनता नै भएकाले निर्माणमा सहयोग गर्नुहोला ।'

सरकारले अर्धजलाशययुक्त माथिल्लो अरुणलाई उच्च प्राथमिकतामा राखी 'गेम चेन्जर' आयोजनाको रुपमा अगाडि बढाउने बताएको छ । 'जनताको जलविद्युत कार्यक्रमअन्तर्गत चार अंकको जडित क्षमता (१०६१ मेगावाट) भएको माथिल्लो अरुण प्राधिकरणले निर्माण गर्न लागेको अहिलेसम्मकै ठूलो आयोजना हो। आयोजनामा ४९ प्रतिशत सर्वसाधारणको सेयर र विश्व बैक, युरोपेली लगानी बैकको सुहलियतपूर्ण ऋण तथा कर्मचारी संचय कोष, नागरिक लगानी कोष जस्ता स्वदेशी वित्तीय संस्थाको लगानी रहने मोडलमा वित्तीय व्यवस्थापन गर्ने विषयमा छलफल भइरहेको छ। आयोजनामा संघीय, प्रदेश र स्थानीय सरकारको पनि लगानी रहने छ ।

विद्युत् बढी माग हुने हिउँदका ६ महिनामा दैनिक ६ घण्टा पूर्ण क्षमतामा चलाउन सकिने आयोजनाको अनुमानित लागत १ अर्ब ३८ करोड अमेरिकी डलर (करिब १ खर्ब ६१ अर्ब रुपैयाँ) रहेको छ । कुल लागतमध्ये ३० प्रतिशत स्वपुँजी र ७० प्रतिशत ऋणबाट जोहो गर्ने प्राधिकरणको योजना छ । आयोजनाबाट वार्षिक ४ अर्ब ५३ करोड युनिट ऊर्जा उत्पादन हुने छ । प्राधिकरणले माथिल्लो अरुणकै अंग रहने गरी ३० मेगावाटको इखुवा जलविद्युत आयोजना अगाडि बढाएको छ । इखुवा पनि जनता जलविद्युत कार्यक्रममा समावेश भएको आयोजना हो ।

आयोजनाका लागि आवश्यक पर्ने निजी जग्गा यस वर्षबाट अधिग्रहण र करिब २४ किलोमिटर पहुँच सडक निर्माण सुरु गर्ने लक्ष्य राखिएको छ। आयोजनालाई आवश्यक पर्ने १ सय ८० हेक्टर जग्गामध्ये १ सय २० हेक्टर अधिग्रहण गर्नु पर्ने छ । आयोजनाबाट २५ घरपरिवार विस्थापित हुने छन् ।

सन् २०२२मा सबै अध्ययन सक्ने र २०२३ भित्र ठेकेदारलाई निर्माणका लागि आयोजनास्थलमा परिचालन गरिसक्ने योजनाका साथ काम भइरहेको छ । आयोजनाको निर्माण सन् २०३०भित्र सक्ने लक्ष्य राखिएको छ। विश्व बैकको १ करोड ३१ लाख डलर सहुलियतपूर्ण ऋणमा आयोजनाको विस्तृत अध्ययन भइरहेको छ ।

ऊर्जा मन्त्री भुसाल नेतृत्वको टोलीमा ऊर्जा सचिव देवेन्द्र कार्की, अर्थ सचिव मधुकुमार मरासिनी, विद्युत विकास विभागका महानिर्देशक सन्दीपकुमार देव, विद्युत प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ, विश्व बैकका उपाध्यक्ष हार्टविग सोफर, कार्यकारी निर्देशक मोहम्मद हसन अहमदलगायत थिए । टोलीले आयोजनाको मुख्य संरचना र विद्युतगृह निर्माणस्थलकको अवलोकन गरेको थियो ।

## बझाङ डायरी

तरुणा जोशी/मध्यान्ह

# सेती नदीको बालुवा, गिट्टी उत्खनन् रोक्न नगरपालिकालाई ध्यानाकर्षण

### नदिजन्य पदार्थको उत्खनन् रोक्ने उपप्रमुख जाग्रीको भनाई

बझाङको जय पृथ्वी नगरपालिका -११ का बासिन्दाहरूले सेती नदीको बालुवा, गिट्टी उत्खनन् रोक्न नगरपालिकालाई ध्यानाकर्षण गराएका छन् । बुधबार जय पृथ्वी नगरपालिका -११ रुइना बगर, कार्पिकोटका बासिन्दाहरू सेती नदीको ढुङ्गा, बालुवा र गिट्टी उत्खनन् रोक्नेबारे ध्यानाकर्षण गराउन नगरपालिका पुगेका हुन् ।



सेती नदी र आसपासका खोलाहरुले बर्षेनी रुइना बगर, भोपुर लगायतका क्षेत्रबाट ठुला परिणाममा ढुङ्गा, बालुवा र गिट्टी निकाल्दा खेतीयोग्य जमिन र बस्ती नै जोखिममा परेको स्थानीय धर्मराज जोशीले बताए ।

जय पृथ्वी नगरपालिकाकी उपमेयर जुना जाग्रीले असोज ८ गते कार्यपालिकाको बैठक बस्ने भएकाले त्यसमा आफूले कुरा राख्ने र जथाभाबी उत्खनन् भएको ढुङ्गा, बालुवा रोक्नका लागी पहल गर्ने बताए। स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा स्थानीय सरकारले आफ्नो मातहतमा रहेको तथा आफ्नो अधिकार क्षेत्रभित्र रहेको ठाउँबाट बालुवा, गिट्टी लगायतका बस्तुको कर उठाउने अधिकार स्थानीय सरकारको भए पनि जय पृथ्वी नगरपालिकाले ढुंगा, बालुवा गिट्टी बाट खासै राजश्व संकलन गर्न सकेको छैन ।

# व्यवसायीको विरोधपछि स्थानीय स्तरमा चल्ने सवारी साधनहरूको पुनःभाडादर वृद्धि

बझाङमा स्थानीय स्तरमा चल्ने सवारी साधनहरूको फेरि भाडा वृद्धि गरेको छ। यातायात व्यवसायीहरूले भाडा कम भएको भन्दै विरोध गरेपछि पुन भाडादर वृद्धि गरिएको हो । बुधबार जिल्ला समन्वय समितिका संयोजक खडग बहादुर खडकाको अध्यक्षतामा बसेको सर्व पक्षीय बैठकले भाडा वृद्धि गरेको हो ।

बैठकले जिल्लाको जयपृथ्वी राजमार्गमा प्रतिकिलो मिटर ७ रुपैयाँ २५ पैसा र कच्ची तथा ग्रामीण सडकहरूमा प्रति किलो मिटर १२ रुपैयाँ निर्धारण गरिएको हो । प्रमुख जिल्ला अधिकारी मोहन अधिकारीले ३ दिन भित्र सबै यातायातका साधनहरूमा अनिवार्य भाडाको लिस्ट यात्रुहरूले देख्ने गरी टाँस्नु पर्ने यदि नटासेको खण्डमा कानुन अनुसार कारबाहि गरिने बताए । साथै बैठकबाट मनसुन सकिने बित्तिकै स्थानीय तहहरूले अनिवार्य सडक सफाइ गर्ने निर्णय समेत गरिएको छ । यस अगाडीको बैठकमा जयपृथ्वी राजमार्गमा ६ रुपैयाँ २५ पैसा र कच्ची सडकमा १० रुपैयाँ निर्धारण गरेको थियो । तर भाडादर कायम गरेको हप्तादिन नवित्दै पुनः भाडादर वृद्धि गरिएको छ । तर भाडा पुनः बृद्धी भएपछि स्थानियहरु भने आक्रोशित भएको छन् । सवारी साधन धनीहरुले मनपरी भाडा लिने गरेको भएपनि त्यसको अनुगमन गर्नुको साटो सरकारी कर्मचारी र जनप्रतिनिधीले नै व्यवसायीलाई काखमा च्यापेर जनतालाई मर्कामा पारेको आरोप लगाएका छन् । नागरिक समाजका अगुवा धर्मजंग बहादुर सिंहले बुधबार भएको भाडावृद्धिले जनतालाई नभइ ब्यबसायिहरुलाई फाइदा पुग्ने गरी भाडा वृद्धि गरेको बताए । व्यवसायीहरुको माग अनुसार जिल्ला प्रशासन कार्यालय तथा जनप्रतिनीधीहरुले नै सवारी भाडा वृद्धि गर्ने निर्णय गरेको यो पहिलो पटक हो ।

# कोरोना संक्रमण दर १९ दशमलव एक प्रतिशत



**काठमाडौं/मस**-नेपालमा बुधबार एक हजार ४७८ कोरोना भाइरस संक्रमित थपिएका छन् । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले बुधबार गरेको पत्रकार सम्मेलनमा मन्त्रालयका प्रवक्ता डा.कृष्णप्रसाद पौडेलले १३ हजार ९३० वटा नमूना परीक्षण गर्दा एक हजार ४७८ जनामा संक्रमण पुष्टि भएको बताए ।

नेपालमा संक्रमण दर १९ दशमलव एक प्रतिशत रहेको छ । योसँगै हाल देशभर सक्रिय संक्रमित २१ हजार १३९ जना रहेका छन् । उनका अनुसार ५०० भन्दाबढी संक्रमित भएका जिल्ला नौ र २०० भन्दा बढी संक्रमित भएका जिल्ला २१ छन् ।

पछिल्लो २४ घण्टामा एक हजार ६३० जना संक्रमणमुक्त भएका छन् । योसँगै नेपालमा हालसम्म संक्रमणमुक्त हुने कूल संख्या सात लाख ५५ हजार ६३० छ । नेपालमा संक्रमणमुक्त हुने दर ९५ दशमलव नौ प्रतिशत छ ।

यस्तै संक्रमणबाट पछिल्लो २४ घण्टामा छ जनाको ज्यान गएको छ। अहिलेसम्म संक्रमणबाट ११ हजार ५९ जनाको निधन भइसकेको छ ।

हाल देशभर ३३४ जना सघन उपचार कक्षमा, ११९ जना भेन्टिलेटरमा, १९ हजार ८०५ जना होमआइसोलेसन, एक हजार ३३४ जना संस्थागत आइसोलेसन र २४३ जना क्वारेन्टिनमा छन् ।

# गुल्मीमा पहिरोले पुरिएर एकै परिवारका तीनको मृत्यु

**गुल्मी/मस**–गुल्मीमा मंगलबार रातिको भिषण वर्षा कारण पहिरो जाँदा तीन जनाको मृत्यु भएको छ । रेसुंगा नगरपालिका वडा नम्वर ८ थुम्कामा पहिरो जाँदा स्थानीय तिलक परियारका तीन छोरीको मृत्यु भएको हो ।



मृत्यु हुनेमा २१ वर्षकी भावना र १४ बर्षका जुम्ल्याहा गंगा र जमुना रहेको जिल्ला प्रहरी कार्यालय गुल्मीका प्रहरी नायव उपरीक्षक पुरुषोत्तम पाण्डेले जानकारी दिएका छन् ।

घरमाथिबाट पहिरो आएपछि सुतिरहेका उनीहरुको पुरिएर मृत्यु भएको हो । घरका अन्य ब्यक्तिहरु भने सुरक्षित रहेको प्रहरीले जनाएको छ । नेपाली सेना र नेपाल प्रहरीले पुरिएकाहरुको शव निकालेको छ। यसैबीच बागलुङको ढोरपाटन नगरपालिका-२ तारीखेतमा मंगलबार राति आएको भलसहितको बाढीले दुई घर पुरिएका छन् । बस्ती नजिकैको ठाडोखोलामा आएको बाढीले स्थानीय तमबहादुर महत र खिमबहादुर रसाइलीको घर पुरेको इलाका प्रहरी कार्यालय बुर्तिबाङका प्रमुख जयराम वन्तले जानकारी दिए । बाढीले घर पुरिए पनि मानवीय क्षति नभएको वन्तको भनाइ छ । जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी इकवाल हवारीका अनुसार प्रहरी घटनास्थलतर्फ गइरहेको र प्रहरी पुगेपछि मात्रै क्षतिको विवरण आउने जानकारी दिए ।

## सुल्झिएन...

साझेदार दलका नेताहरुले चाँडै मन्त्रिपरिषद् बिस्तार हुने बताउँदै आएका छन् । तर सत्ता साझेदार दलहरुबीच मन्त्रालय भागबण्डा देखि अन्य राजनीतिक समस्या देखिएकाले मन्त्रिपरिषद् बिस्तार हुन सकेको छैन ।

बुधबार साँझ बसेको गठबन्धनका नेताहरुको बैठकले पनि मन्त्रिपरिषद् बिस्तारबारे निर्णय गर्न सकेन । "दल विभाजन सम्बन्धी अध्यादेश, संसदबाट बजेट पारित लगायत मन्त्रिपरिषद् बिस्तार बारे पनि छलफल भयो । तर टुंगो लागेन", माओवादी केन्द्रका नेता नारायणकाजी श्रेष्ठले भने । तर बुधबार दिउँसो बसेको माओवादी केन्द्रको स्थायी कमिटी बैठकपछि नेताहरुले मन्त्रिपरिषद् बिहीबार बिस्तार हुने बताएका थिए ।

तर साँझ बसेको बैठकले भने मन्त्रिपरिषद् बिस्तारबारे निर्णय गरेन । स्रोतका अनुसार, नेकपा (एकीकृत समाजवादी) र जनता समाजवादी पार्टी (जसपा) को अडानका कारण मन्त्रिपरिषद् बिस्तार हुन सकेको छैन । दल विभाजन सम्बन्धी अध्यादेश तत्काल फिर्ता गर्नुपर्ने जसपाको अडान छ । त्यो अध्यादेश कायमै रहेका बेला मन्त्रिपरिषद् बिस्तार गरे आफ्नो पार्टी फेरि फुट्ने अध्यक्ष उपेन्द्र यादवको अडान छ । तर एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले भने अध्यादेश कायमै राख्नुपर्ने पक्षमा छन् । किनकि यो पार्टी खारेजीकै माग राखेर नेकपा एमालेले अदालतमा मुद्दा दायर गरेको छ । उक्त मुद्दाको फैसला अदालतले सुनाएको छैन ।

## कार्यतालिका...

समातेर काँग्रेसले मंसिर ९-१४ मा १४औं महाधिवेशन सक्नेगरी निर्णय गरेको थियो ।

त्यसअनुसार, १८ भदौमा काँग्रेस वडा अधिवेशन शुरु भएको हो । तर अहिलेसम्म वडा अधिवेशन सकिनु त टाढाको कुरा भयो, १३ जिल्लामा अझै क्रियाशील सदस्यता विवाद टुंगिएको छैन । तर महाधिवेशन कार्यतालिका भने यो सहित दोस्रोपटक संशोधन गरिएको हो । क्रियाशील सदस्यता विवाद नटुंगिदा यसअघि पनि महाधिवेशन कार्यतालिका प्रभावित बनेको थियो ।

बुधबार संशोधन गरि नुअघिको तालिका अनुसार, ५ असोजभित्र सवै वडाको अधिवेशन सक्ने, ९ असोजमा पालिका तहको, १२ असोजमा प्रदेश निर्वाचन क्षेत्र, १५ असोजमा प्रतिनिधिसभा निर्वाचन क्षेत्र र १८ असोजमा जिल्ला अधिवेशन गर्ने उल्लेख थियो । तर बुधबार संशोधन गरिएको तालिका अनुसार, दशैं अगाडि पालिका तहको मात्रै अधिवेशन हुनेछ ।

## ७० करोडको ....

काम सक्ने सम्झौता भएको थियो । यो परियोजना सक्न ७० करोड दिइएको थियो । तर, गत वर्ष हावाहुरी भएको र कोरोना संक्रमण बढेकाले काममा समस्या देखिएको सुबिसुले थप समय मागेको थियो ।

तर, सुविसुले क्षतिपूर्ति दावी गर्दै मध्यस्थता न्यायाधिकरण (ट्राइबुनल) मा मुद्दा दायर गरेको थियो । क्षतिपूर्ती समेत गरी ९२ करोड १८ लाख असुल गरिदिन माग गरिएको थियो । न्यायाधिकरणले त्यो मुद्दामा केही दिन पहिले फैसला गर्दै प्राधिकरणलाई ६१ करोड १५ लाख ५५ हजार ६ सय ८० रुपैयाँ तिर्न आदेश दिएको थियो ।

मध्यस्थता न्यायाधिकरणको प्रमुखमा पूर्व सचिव उदय नेपाली श्रेष्ठ तथा सदस्यहरुमा इन्जिनियरद्वय सञ्जीव कोइराला र सुनिल ढुंगेल छन् । कोइराला सुविसुबाट नियुक्त हुन् भने ढुंगेल प्राधिकरणबाट नियुक्त गरिएका हुन् । ढुंगेल र कोइरालाको सिफारिसमा प्राधिकरण र सुविसुको समेत सहमती भएपछि न्यायाधिकरणको अध्यक्षमा श्रेष्ठ नियुक्त भएका थिए । प्राधिकरण स्रोतका अनुसार, मुद्दा सम्बन्धी कागजात लगायत सम्पूर्ण विवरणहरु तयार गर्ने काम भइरहेको छ । केही दिनभित्रै उच्च अदालत पाटनमा मुद्दा दर्ता गराउने तयारी भएको छ ।

प्राधिकरणका अधिकारीहरु कामै नगरेको अवस्थामा समेत विभिन्न निहुँ बनाएर भुक्तानी दिने योजना मुताविक नै प्राधिकरणका तत्कालीन अध्यक्ष झाले सुविसुसँग सम्झौता गरेकोले अहिले विवाद आएको बताउँछन् । 'यसमा निकै ठूलो खेल छ । त्यो खेल पर्दाफास भयो भने कयौं उच्च पदस्थ तानिने संभावना छ । हामी अदालत जाँदैछौं । हेरौं के हुन्छ', एक अधिकारीले मध्यान्हसँग भने ।


## Invitation for Quotations

**Shivasatakshi Municipality**
**office of municipal executive**
**province 01, Jhapa**
**2nd Date of publication: 2078/06/07(23-sep-2021)**

1. The Shivasatakshi Municipality invites sealed quotations for the Following procurement of goods.

| Contract ID | Description | Eastimated Amount (without VAT) | Bid doc Fee | Bid Security Nrs |
|---|---|---|---|---|
| SM/SQ/01/2078/079 | Procurement for printing materials | 9,24,354 | 1000.00 | 28,000 |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **Shivasatakshi Municipality, Byangdada,Jhapa Ph no 023-470323, dms.shivasatakshimun@gmail.com**
3. A complete set of Bidding Documents may be purchased from the Shivasatakshi Municipality **Byangdada,Jhapa** by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of Rs. 1000.00 till 2078/06/22(08-oct-2021) during **office hours.**
4. Sealed bids must be submitted to the office Shivasatakshi Municipality by *hand or Courier* on or before 12:oo noon on 2078/06/24(10-oct-2021). Bids received after this deadline will be rejected.
5. The bid will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00, 2078/06/24(10-oct-2021). the office of Shivasatakshi Municipality. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting as mention above which shall be valid for 30 days beyond the validity period of the bid
6. If bidder wishes to submit the Cash Security, the cash should be deposited in Dharauti Khata a/c no. **3140010000161** on the behalf of Shivasatakshi Municipality at Mega Bank Nepal LTD , Birtamod Branch and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.
**or**
Bidder who choose to submitt their bid security amount as Bid bond ,the bid bond should be issued from authorized and recognized commercial bank or Finincial institution eligible to issue bank gurantee as per prevailing law of Nepal. **Xerox** copy of bid bond is mandatory.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. Bid should comply in all respects with the Instruction to Bidder included in the bid document no compliance with this instruction shall result in disqualification.
9. All the other condition of bidding process will be as per the public Procurement act 2063 and Public procurement regulation 2064.
10. Shivasatakshi Municipality reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

**Chief Administrative officer**

# मृत्यु भइसकेका व्यक्तिको नाममा अपाङ्गता भत्ता

## सचिवले नक्कली औंठाछाप बनाएर लिएको खुलासा

**दिवस ढकाल/मध्यान्ह**
नुवाकोट, ६ असोज ।



नुवाकोटको विदुर नगरपालिका वडा नम्बर ५ का वडा सचिव शिवहरि गजुरेलले मृत्यु भएको व्यक्तिको नाममा आफैंले औंठाछाप हानेर भत्ता खाने कागजात बनाएको खुलासा भएको छ । वडा सचिव गजुरेल स्वयंले सामाजिक सुरक्षा भत्ताको लागि फर्जी कागजात बनाएर आफ्नै हस्ताक्षर र औंठाछाप प्रयोग गरेको प्रष्ट देखिन्छ । आजभन्दा १ वर्ष अगाडि नै मृत्यु भइसकेका पवन अर्यालको नाममा व्यक्तिगत अपाङ्गता भत्ताको कागजात बनाई नियमित रुपमा भत्ता बुझेको पाइएको छ ।

सचिव गजुरेलले १ बर्ष अगाडि नै मृत्यु भइसकेका पवन अर्यालको नाममा अपाङ्गता भएको भनेर गत भदौ २८ गते फर्जी प्रमाणपत्र बनाइ पेस गरेको देखिन्छ । पवनका बुबा उद्दव अर्यालले आफ्नो छोराको मृत्यु भएको १ बर्ष भइसकेको बताएका छन् । उक्त वडामा गत वर्ष तिर नै मृत्यु भइसकेका व्यक्तिको अपाङ्गता परिचय पत्र नम्बर र जन्म मिति अर्को व्यक्तिको नाममा प्रयोग गरेर नियमित सामाजिक सुरक्षा भत्ता बुझेको पाइएको छ ।

वडा सचिव र कर्मचारीको मिलोमतोमै आफ्नो वडामा वर्षौंदेखि सामाजिक सुरक्षा भत्ता वितरणमा अनियमितता हुने गरेको एक स्थानीयले जानकारी दिए । वडामा लामो समयदेखि शिवहरि गजुरेल सचिव भएर काम गरेको र उनकै पालादेखि सामाजिक सुरक्षा भत्ता वितरणमा अनियमितता भएको स्रोतको दावी छ ।

स्थानीय तह लागू हुनुअघि विदुर नगरपालिकाको सचिव रहेका गजुरेल स्थानीय तहको संरचना निर्माण भएपछि हालसम्म निरन्तर विदुर- ५ को वडा सचिवको जिम्मेवारी सम्हाल्दै आएका छन् ।

आफ्नो वडामा सामाजिक सुरक्षा भत्ता वितरणमा भएको अनियमितताका विषयमा आफूलाई केही जानकारी नभएको विदुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत मोहन प्रसाद मरासिनीले बताए । 'सामाजिक सुरक्षा भत्तामा अनियमितताको बिषयमा मलाई केही सुइँको छैन', उनले भने, ' मैंले तोक लगाउनुपर्ने कागजपत्रमा मेरो तोक नै छैन, कर्मचारीको गद्दारीले हामी जनप्रतिनिधिको मर्यादामाथि नै आँच पुग्ने काम भएको छ ।' मासिक रुपमा उपलब्ध गराइँदै आएको सामाजिक सुरक्षा भत्ता वितरणमा वडा नम्बर ५ मा अनियमितता भएको पाइएकाले छानबिन गरी कानूनी कारवाहीको प्रक्रिया अगाडि बढाउनुपर्ने सरोकारवालाहरु बताउँछन् । दुई नगरपालिका र दश गाउँपालिका रहेको जिल्लामा वर्षौंदेखि सामाजिक सुरक्षा भत्ता वितरणको नाममा कर्मचारीले लाखौं रकम दुरुपयोग गर्दै आएको पाइएको छ । यसअघि दुरुपयोग हुँदै सामाजिक सुरक्षा भत्ता दुरुपयोगलाई आगामी दिनमा रोक्न सबै स्थानीय तहले बैङ्किङ प्रणालीमार्फत वितरण गर्ने तयारी गरेको छ ।

# दशैंसम्म १ करोड ७५ लाखलाई कोभिडविरुद्धको खोप लगाउँछौं : स्वास्थ्य राज्यमन्त्री



**काठमाडौं/मस**–स्वास्थ्य तथा जनसंख्या राज्यमन्त्री उमेश श्रेष्ठले दशैंसम्म १ करोड ७५ लाख नेपालीलाई कोभिड-१९ कोरोना भाइरस विरुद्धको पहिलो डोज खोप लगाइसक्ने बताएका छन् । संसदको शिक्षा तथा स्वास्थ्य समितिमा आज राज्यमन्त्री श्रेष्ठले दशैंसम्म १ करोड व्यक्तिलाई पहिलो डोज खोप दिने र ७५ लाखलाई दुवै मात्रा खोप लगाउने दाबी गरेका छन् । हाल सम्म १ करोड ७७ लाख डोज खोप प्राप्त भइसकेको उनले जानकारी दिए ।

राज्यमन्त्री श्रेष्ठले ३ करोड ५९ लाख डोजमध्ये बालबालिकालाई लगाइने मोडर्ना ४० लाख र फाइजरको ६० लाख डोज खोप आउने सुनिश्चित भइसकेको बताए । उक्त खोपका लागि १ हप्ता भित्र रकम भुक्तानी गरिने उनले जानकारी दिए । देशभर हालसम्म ६२ लाख व्यक्तिले पहिलो डोज खोप लगाउँदा ५६ लाखले पूर्ण अर्थात दोस्रो मात्रा खोप लगाएका छन् । मन्त्रालयको योजनाअनुसार अबको एक महिनाभित्र ५७ लाख व्यक्तिलाई खोप लगाउनुपर्ने हुन्छ ।

उपत्यकामा ४० प्रतिशतले लगाए कोरोनाविद्धको दुवै डोज खोप काठमाडौं उपत्यकामा ४० प्रतिशतले कोरोना भाइरसविरुद्धको पूर्ण खोप लगाएका छन् । असोज ४ गतेसम्म काठमाडौं उपत्यकामा ४० प्रतिशतले कोरोनाविरुद्धको दुवै डोज लगाएको स्वास्थ्य मन्त्रालयले जानकारी दिएको छ । मन्त्रालयको तथ्यांकअनुसार काठमाडौंमा ४१ प्रतिशत, भक्तपुरमा ४१ प्रतिशत र ललितपुरमा ३८ प्रतिशतले कोरोना भाइरसविरुद्धको खोपको दुवै डोज लगाइसकेका छन् । यस्तै सरकारले असोज अन्तिमसम्ममा खोप लगाउन योग्यमध्ये ३३ प्रतिशतलाई दुवै डोज खोप लगाइसक्ने जनाएको छ । प्रधानमन्त्री शेरबहादुर देउवाले चैत अन्तिमसम्म सबै नागरिकलाई दुवै डोज खोप लगाउने गरी प्रक्रिया अघि बढाउन निर्देशन दिएका छन् । हालसम्म बागमती प्रदेशमा मात्रै २९ प्रतिशतले कोरोना भाइरसविरुद्धको खोपको दुवै डोज लगाइसकेको मन्त्रालयले जनाएको छ ।


## साउदीमा रोजगार | कम्पनी: AAMAL NAFA OPERATION AND MAINTENANCE COMPANY
शहर: RIYADH

पूर्व स्वीकृत मितिः २०७८/०६/०६ चलानी नं.: ६०१६३५६२ L.T. No.: 246239

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 1 | 0 | स. काममा दक्ष | 1000 | ३१,३३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ असोज १४ गते (30 September 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

अन्जुलिमा इन्टरनेशनल प्रा. लि.
श्रम इजाजत नं. ७७४/०६५/०६६
पोष्ट बक्स नं. २३२५१, कालीमाटीडोल, एयरपोर्ट, काठमाडौं, फोन: ४४७३१००, ४४७३३००
फ्याक्स: ४४७२६००, मो: ९८१३५४८४७२, ९८४९८१५४१५, पोखरा : ९८४६०२६२९१, ९८४९८३१०३३
Email: info@anjulimaintl.com | Web: www.anjulimaintl.com


# डा.भक्तमानको अपहरणमा संलग्न ११ वर्षपछि पक्राउ



**काठमाडौं/मस**–चितवनका चिकित्सक (बिपी कोइराला मेमोरियल क्यान्सर अस्पतालका तत्कालीन कार्यकारी निर्देशक) डा.भक्तमान श्रेष्ठको अपहरणमा संलग्न रही फरार एक व्यक्ति लामो समयपछि पक्राउ परेका छन् ।

प्रहरीको कन्द्रीय अनुसन्धान ब्यूरो (सिआइवी) को टोलीले नुवाकोट जिल्लाको विदुर नगरपालिका-१२ मुलाबारीबाट स्थानीय ४५ वर्षीय राजेन्द्र पण्डितलाई पक्राउ गरेको हो । अपहरण तथा शरीर बन्धक कसुरमा उच्च अदालत हेटौंडा इजलासको विसं २०७० माघ २१ को फैसलाले उनलाई नौ वर्ष कैद र रु.५० हजार जरिवाना सुनाएको थियो ।

तत्कालीन मुलिकी ऐन, (२०२०) को अपहरण तथा शरीर बन्धक लिनेको महलको ३ नं बमोजिम सात वर्ष कैद र सोही महलको ७ नं बमोजिम दुई वर्ष थप कैद गरी जम्मा नौ वर्ष कैद तोकिएको थियो ।

त्यसपछि पण्डित फरार हुँदै कहिले नेपाल त कहिले भारतमा लुकेर बसेका थिए । पछिल्लो समयमा नेपाल प्रवेश गरेको सूचना पाएपछि केही अघिदेखि सिआइवीको टोलीले उनको खोजी थालेकोमा मंगलबार पक्राउ परेका हुन् । उनलाई फैसला कार्यान्वयनका लागि आज जिल्ला अदालत काठमाडौंमा पेस गरिएको सिआइवीका प्रवक्ता प्रहरी उपरीक्षक श्यामकुमार महतोले जानकारी दिए ।

अपहरणमा संलग्न नुवाकोटका बद्रिप्रसाद ढुंगाना, काठमाडौंका गौतम योञ्जन, भारतका रोहित पालिवाललगायत पक्राउ परिसकेका छन् । मुख्य अभियुक्त भनिएका नुवाकोटका भीमसेन पण्डित अझै फरार छन् । भारतमा रहेका उनको खोजी जारी रहेको प्रहरीले जनाएको छ । राजेन्द्र भने भीमसेनका नजिकका मान्छे हुन् । उनी डा.श्रेष्ठको अपहरणपछि राख्ने ठाउँको व्यवस्थापनमा संलग्न रहेको प्रहरीले जनाएको छ ।

विसं २०६७ जेठ ४ मा चितवनको भरतपुर महानगरपालिका-१०, साबिकको भरतपुर नगरपालिका-१० चौबिसकोटीस्थित चितवन अस्पतालबाट घर फर्कँदै गर्दा स्थानीय हाकिमचोक नजिकको भित्री सडकबाट डा.श्रेष्ठलाई अपहरण गरिएको थियो ।

प्रहरी प्रधान कार्यालयका अनुसार अपहरणपछि उनलाई काठमाडौं र नुवाकोटका विभिन्न ठाउँमा बन्धक बनाई राखिएको थियो । अपहरण भएको १८ दिनपछि फिरौती लिएर डा श्रेष्ठलाई अपहरणकारीले छाडेका थिए । अपहरणको चार दिनपछि उनको ब्रिफकेस चितवनको मुग्लिन नजिक घोप्टेभिरमा फेला परेको थियो ।

अपहरणकारीलाई उहाँका परिवारले फिरौतीबापत भारतमा साढे तीन किलो सुन (तत्कालीन मूल्यअनुसार रु एक करोड १० लाख पर्ने) बुझाएपछि डा.श्रेष्ठ विसं २०६७ जेठ २२ गते धादिङको माझिकोटबाट अपहरणमुक्त भएका थिए ।

त्यो बेला उनीहरुले कल बाइपास गरेर परिवारसँग सम्पर्क गर्ने गरेका थिए । यसअघि काठमाडौं महानगरपालिका-४ बस्ने ४१ वर्षीय गौतम योञ्जनलाई पनि सिआइवीको टोलीले नै काठमाडौंबाट पक्राउ गरेको थियो ।

## सुनसरी डायरी

**तेजबहादुर बन/मध्यान्ह**

# ४ वर्षमा इटहरीको स्वरुप नै फेरियो : मेयर चौधरी

## एक अर्व ३७ करोडको वर्ल्ड बैंकको परियोजना सञ्चालन हुने



इटहरी उपमहानगरपालिकाका प्रमुख द्वारिकलाल चौधरीले चार वर्षमा इटहरीले पूर्वाधार निर्माणमा उल्लेख्य फड्को मारेको बताएका छन् ।हेल्लो मेयर कार्यक्रममा बोल्दै मेयर चौधरीले यस्तो बताएका हुन् । उनले कार्यकालको ४ वर्ष भित्र सोचे जस्तो विकाश निर्माण नभएपनि उल्लेख्य मात्रामा पूर्वाधार क्षेत्रमा फड्को मारेको दाबी गरेका छन् ।

कार्यक्रम हेल्लो मेयरमा कुरा गर्दै उनले पुस मसान्त सम्ममा इटहरीका सबै मुलबाटोहरु पिच भइसक्ने बताए । चार वर्षको अवधिमा जनताले प्रत्यक्ष रूपमा पूर्वाधार विकाशको अनुभव गर्न पाएको र जनप्रतिनिधिको उपस्थिति देख्न पाएको मेयर चौधरीले बताए । त्यस्तै चार वर्षकै अवधिमा एक सय किलोमिटर सडक कालोपत्रे भइसकेको र एक सय किलोमिटर सडक कालोपत्रेको काम पनि धमाधम भइरहेको प्रष्ट पारे । चार वर्षमा चालिस किलोमिटर भित्रिबाटोहरुमा ब्लक ओछ्याउने काम भएको र यो वर्ष थप १० किलोमिटर भित्रि बाटोहरुमा ब्लक ओछ्याएर सकिने उनको भनाइ छ । केहि दिन दिन भित्रैमा पाँच करोड लगानीमा बन्ने हुलाकी सडक अन्तर्गतको पुल शिलान्यास हुने उनले बताएका छन् । इटहरीमा चार वर्षमा ८१ वटा साना पुल तथा कल्भर्ट निर्माण कार्य सम्पन्न भइ सकेको उनले कार्यक्रममार्फत जानकारी गराए ।

चारवटा ठूला पुल निर्माण प्रक्रिया सुरु भएको पनि मेयर चौधरीले जानकारी दिए । उनले इटहरीमा छिट्टै नै एक अर्व ३७ करोडको वर्ल्ड बैंकको परियोजना सञ्चालन हुन लागेको र त्यसका लागि सम्झौता भइसकेको उनले बताए । उनले आफ्नै कार्यकालमा इटहरी भित्रका सबै वडा कार्यालयहरूलाइ आफ्नै भवनबाट सेवा सुचारू गराउने लक्ष्य अनुरूप काम भइरहेको पनि बताए । अहिलेसम्म १२ वटा वडा कार्यालयहरूले आफ्नै भवनबाट सेवा दिइरहेको र बाँकिका ८ वटा पनि निर्माणको क्रममा रहेको बताए ।

मेयर चौधरीले केहि महिना भित्रैमा इटहरीका सबै वडा बाटै स्थानीयले आधारभूत स्वास्थ्य सेवा पाउने दाबी गरे । १४ वटा स्वास्थ्य इकाई भवन निर्माण सकेर केहि महिनामै स्वास्थ्य सेवा सुरु गरिने पनि उनले बताए । त्यसका लागि आवश्यक जनशक्ति, फर्निचर, औषधी लगायतको व्यवस्था भइसकेको प्रमुख चौधरीले जानकारी दिए । उनका अनुसार इटहरी अस्पतालको ३ तले २३ कोठे भवन निर्माण भइरहेको छ भने इर्मजेन्सी ब्लक समेत बन्दै छ । अहिले इटहरी अस्पतालमा एमडीजीपीसहित ५४ जनाले सेवा प्रदान गर्दै आएका छन् ।

# इटहरीका मेयरलाई 'बहुला' भन्दै महिलाहरूको प्रदर्शन

सुनसरीको इटहरीस्थित उपमहानगरका मेयर दवारिकलाल चौधरीले गत बुधबार सेवा लिन पुगेका दुई महिलालाई सिफारिस पत्रमा तोक लगाउने क्रममा अभद्र व्यवहार गरेको घटनाको भत्सर्ना गर्दै बुधबार एक दर्जन बढी महिला अधिकारकर्मीहरूको संस्थाले विरोध प्रदर्शन गरेका छन् ।

अधिकारकर्मीहरूको समूहले बुधबार इटहरीका मेयर चौधरीलाई 'बहुला'को संज्ञा दिँदै उपमहानगरपालिका कार्यालयको प्रवेशद्वारमा विरोध प्रदर्शन गरेका हुन् । मेयर जस्तो गरिमामय पदमा रहेकै व्यक्तिबाट महिलाहरूमाथि अभद्र व्यवहार भएको र सामूहिकरूपमा माफी माग्नुपर्ने मागसहित अधिकारकर्मीहरूले विरोध जनाएका हुन् ।

उनीहरूले उपमहानगर कार्यालयको मुख्य गेटमा ताला लगाउन खोज्दा प्रहरीले हस्तक्षेप गरेको थियो । महिलाहरूलाई अभद्र व्यवहार गर्ने मेयरविरूद्ध कडा भन्दा कडा कारबाहीको माग गरेका छन् । बुधबार नगरप्रमुख चौधरीले महिलालाई गरेको अभद्र व्यवहारविरूद्ध सार्वजनिकरुपमा माफी माग्नु पर्ने दबाब दिँदै महिला सञ्जाल इटहरी, प्रोत्साहन नेपाल, महिला सहयोगी समूह, साथी फाउण्डेशन, मानव अधिकार रक्षक सञ्जाल, नारी चेतना समाज, जागृति महिला महासंघ लगायतका अधिकारकर्मीहरूको संस्थाले नगरपालिका अगाडि प्रदर्शन गरेका थिए । उनीहरूले 'बौलाहा मेयर मुर्दावाद', 'यस्तो मेयर चाहिँदैन', 'महिलाहरूलाई न्याय दे', 'न्याय प्रेमी एक हौं' जस्ता नाराहरू लगाएका थिए । गत भदौ ३० गते उपमहानगरपालिकामा सिफारिस लिन गएका इटहरी ४ का सीता शेर्पा राई र सर्मिला भट्टराईलाई नगरप्रमुख चौधरीले अपमानजनक शब्द प्रयोग गरेको भन्दै महिला अधिकारकर्मीहरुले प्रदर्शन गरेका हुन् ।


## साउदीमा रोजगार | कम्पनी : SALEH FAHAD AL-QAHTANI TRADING AND CONTRATING COMPNAY
शहर : SAUDI

पुर्व स्वीकृत मितिः २०७८/०६/०६ चलानी नं.: ६०१६३५६३ LT. No.: 245840

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Manual machine Cutter | 1 | 0 | सम्बन्धित काममा दक्ष | 2500 | ७८,३२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Whole Vehicle driver | 1 | 0 | | 2500 | ७८,३२५ | | | | | | | |
| 3. | Public Car Driver | 1 | 0 | | 1800 | ५६,३९४ | | | | | | | |
| 4. | Plumber | 1 | 0 | | 1600 | ५०,१२८ | | | | | | | |
| 5. | Blacksmith | 4 | 0 | | 1600 | ५०,१२८ | | | | | | | |
| 6. | Diesel Mechanic Equipment | 1 | 0 | | 2500 | ७८,३२५ | | | | | | | |
| 7. | Truck Driver | 2 | 0 | | 1800 | ५६,३९४ | | | | | | | |
| 8. | Building Electrician | 1 | 0 | | 1600 | ५०,१२८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ असोज १४ गते (30 September 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

श्रम ई. पत्र नं. १२३५/०७४/७५
AASHIN OVERSEAS PVT. LTD.
Sinamangal-9, Airport, Kathmandu, Tel.: +977-1-4469912, 4469913



## साउदीमा रोजगार | १. कम्पनी: VAL ACHIEVEMENT INDUSTRIAL CORPORATION IS A ONE PERSON COMPANY
शहर: RIYADH

पूर्व स्वीकृत मितिः २०७८/०६/०६ चलानी नं.: ६०१६३५५४ LT. No.: 246066

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | FACTOR | 9 | 0 | स. काममा दक्ष | 1000 | ३१,३३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: REEM SALEH ALI AL-ZAHRANI TRANSPORT EST. शहर: RIYADH

पूर्व स्वीकृत मितिः २०७८/०६/०६ चलानी नं.: ६०१६३५५७ LT. No.: 245972

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 3 | 0 | स. काममा दक्ष | 1800 | ५६,३९४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनी: ABDUL MAJEED SALMAN BIN SALEH AL-ASSAF RESTAURANT TO SERVE MEALS शहर: RIYADH

पूर्व स्वीकृत मितिः २०७८/०६/०५ चलानी नं.: ६०१६३५५८ LT. No.: 245896

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | NORMAL LABOR | 4 | 0 | स. काममा दक्ष | 1000 | ३१,३३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ असोज १४ गते (30 September 2021) मा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

K.P. INTERNATIONAL OVERSEAS PVT. LTD.
Govt Lic No.: 842/066/067
Sinamangal -9, Kathmandu Nepal, Tel: 01- 4496993
E-mail : kpintloverseas@gmail. com

## सम्पादकीय

### प्रभावकारी सरकारको खोजी

नियुक्त भएको झण्डै अढाई महिनापछि प्रधानमन्त्री शेरबहादुर देउवाले मन्त्रिपरिषद्लाई पूर्णता दिदैछन् । बुधबार डा.नारायण खड्कालाई प्रधानमन्त्री देउवाले परराष्ट्र मन्त्री नियुक्त गरे । यो सहित मन्त्रिपरिषद् सदस्य संख्या सात पुगेको छ । बाँकी मन्त्री नियुक्ति प्रक्रिया प्रधानमन्त्री देउवाले अगाडि बढाएका छन् । सरकार गठन भएको यतिका समयसम्म मन्त्रिपरिषद्ले पूर्णता नपाउदा सरकारको कामकारबाही प्रभावित बन्न पुगेको छ । कतिपय तत्कालै गरिनुपर्ने काम रोकिएका छन् । बरू प्रधानमन्त्री देउवाले अघिल्लो सरकारले गरेका निर्णयहरू उल्ट्याएर आफू समर्थकलाई नियुक्त गर्नेतिर ध्यान दिएका थिए । यसले सरकारप्रति जनआक्रोश बढ्ने र देखि विपक्षीको चर्को आलोचना खेप्नुपर्ने परिस्थिति बनेको छ ।

पक्कै पनि नेपाल जस्तो मुलुकको संसदीय व्यवस्थामा संयुक्त सरकार सञ्चालन सहज हुँदैन । सत्ता साझेदार दलहरूको आ-आफ्नै स्वार्थ र दाउपेचका कारण प्रधानमन्त्री जहिल्यै दवावमा पर्छन् । अहिले प्रधानमन्त्री देउवाले खेपेको दबाव पनि संयुक्त सरकार निर्माणकै परिणती हो । सरकार गठनमा मुख्य भूमिका निर्वाह गरेको नेकपा -एकीकृत समाजवादी) र जनता समाजवादी पार्टी (जसपा) को समस्याका कारणले प्रधानमन्त्री देउवाले समयमा मन्त्रिपरिषद् बिस्तार गर्न सकेनन् । तर एकीकृत समाजवादी र जसपाको समस्या आमसरोकारका कुरा होइन । यो त संसद्मा सत्ताको बहुमत गुम्न नदिने प्रयत्न मात्रै हो । जनताका लागि त सेवा प्रवाहमा सहज पहुँज पाउनुहो । सुशासन र न्याय प्राथमिकता हुन् । तर मन्त्रिपरिषद् पूर्णता दिन नसक्दा सेवाप्रवाह अवरूद्ध हुन पुगेको थियो भने अन्तर्राष्ट्रिय क्षेत्रमा नेपाल थप बद्नाम हुन पुगेको छ ।

ठोस् कदम चाल्नुको साटो प्रधानमन्त्री देउवा सरकारलाई पूर्णता दिन समेत सकसमा पर्नु राष्ट्रिय लज्जा पनि हो । यसले अन्तर्राष्ट्रिय क्षेत्रमा नेपालको छवि धुमिल बनाइरहेको छ । जति दिन यस्तो स्थिति रहन्छ, राष्ट्रिय/अन्तर्राष्ट्रिय क्षेत्रमा नेपाली राजनीतिक नेतृत्व, खासगरी अहिलेको सरकारलाई हेर्ने दृष्टिकोण सकारात्मक बन्न सक्ने देखिदैन । तर सरकारलाई पूर्णता दिन जति विलम्ब भयो, यो सकियो । अब भने मन्त्रिपरिषद्ले पूर्णता पाए लगत्तै सेवा प्रवाह र विकास निर्माणलाई गति पाउन जरूरी छ । मुख्यगरी प्रधानमन्त्री, मन्त्री र सत्ता साझेदार दलहरूमा जवाफदेहीता आवश्यक छ । सरकार निर्माणमा जस्तै आगामी यात्रामा सुस्तता मुलुकका निम्ति पनि सुखद् हुनेछैन ।

## सामाजिक सञ्जाल



नेपाललाई चीनजस्तो एकदलीय शासनमा लाने हैन, तसर्थ "माओवाद" चाहिदैन । सोभियत प्रणालीमा लाने हैन, तसर्थ "लेनिनवाद" चाहिँदैन । दर्शन बुझ्न मार्क्सवाद काम लाग्छ तर, पुग्दो छैन । नेपाललाई चाहिने भनेको नेपाल सुहाउँदो समाजवाद हो, समुन्नत संघीय समाजवाद हो । समाजवादको आफ्नै मौलिक मोडेल हो ।

- डम्मर खतिवडा



कठै माधव र उनका अनुयायी । नेकपा एसको मुख्य दुश्मन एमाले अरे । सामन्तवाद चिन्तन र व्यवहारमा ज्यूँदो छ । साम्राज्यवाद मुक्त बजारको नाममा हाबी हुँदो छ । सम्पत्तीको केन्द्रीकरण सीमित व्यक्तिको हातमा जाँदो छ । तर सामन्तवाद साम्राज्यवादलाई हार ख्वाइसकेकोले अब जनताको बहुदलीय समाजवाद अरे, हैट !

- सुवोध प्याकुरेल



खुलेयाम बुटवल बजारमा गोली हानेर प्रचण्ड थैवको हत्या गरेका सुजित बिक १० वर्षपछि जेलबाट निस्के । निस्केको हप्तादिनमा मुख्यमन्त्रीको स्वकीय सचिवमा नियुक्त भए । एमालेका मुख्यमन्त्रीले के–के गरे भनेर सरकार परिवर्तन गर्ने नयाँ मुख्यमन्त्रीको अपराधी मानसिकता भने जहाँको तहीँ छ ।

- मुमाराम खनाल



५० वर्षे राजनीतिक जीवन, ६० वर्षे राजनीतिक जीवन, भनेर बढो गर्व गर्छन् नेताहरू ! खेलाडी, कर्मचारीको जस्तो निश्चित मापदण्ड बनाइदिने हो भने वाइडबडी, बालुवाटार, ललितानिवास जस्ता लुट काण्ड त देख्नु पर्दैनथ्यो होला !

- निर्मल प्रसाइँ



देश र जनताको समृद्धिको लागि सविधानमा तीन तहको जनप्रतिनिधिको व्यवस्था गरियो । तर तिनै तहका नम्बरी भष्टचारी निस्के । सांसद, मन्त्रि, प्रधानमन्त्री सबै भष्टाचारको आहालमा मस्ती गरिरहेका छन् । हाँकाहाकी कालो धनलाई वैधानिकता दिइरहे का छन् । देश र जन्ताको नाउँमा भ्रष्टाचारीहरूले पो राहत पाईरहेका छन् ।

- पुरूषोत्तम ढुंगेल

### लेखक तथा पाठकवर्गमा अनुरोध

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं ।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेलः article.madhyanhadaily@gmail .com

# संविधानमाथि उठेका प्रश्न

**यो व्यवस्थाको विकल्पको कुरा गर्नु भनेको यो संविधानको विकल्पमा पनि कुरा गर्नु हो । यो संविधान नेपाली देशभक्त तथा श्रमिक वर्ग तथा उत्पीडित जाति, आदिवासी जनजातिहरुको हितमा छैन भन्ने कुरा झन पछि झन प्रस्ट हुँदै गइरहेको छ । संविधानको विषयमा नै यस प्रकारको संकट आउन थालेपछि संविधान संशोधनको कुराहरु पनि उठ्न थालेका छन् ।**



● रामसिंह श्रीस

२०७२ असोज ३ मा नेपालमा पहिलो पटक संविधान सभाबाट संविधान जारी भएको थियो । संविधान जारी हुँदाको विषयमा केही कुरा उल्लेख गर्नु उचित नै ठानेर पंक्तिकारले केहि लेख्ने पर्यत्न गरेको छ । यो छोटो लेखमा संविधानका सबै पक्षमा चर्चा गर्न सम्भव छैन । तथापी यस संविधानको सार वस्तुको बारेमा मात्र प्रकाश पार्ने प्रयास गरिएको छ । मुख्यतः नेपाली कांग्रेस, नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र)को सहमतिको आधारमा वि.सं.२०७२ साल असोज ३ गते दोस्रो संविधान सभाबाट यो संविधान जारी गरिएको थियो । यो संविधानलाई नेका, एमाले र माओवादी केन्द्रले दक्षिण एसियाकै उत्कृष्ट संविधान हो भनेर पनि भनेका छन् ।



दोस्रो संविधान सभाबाट यो संविधान जारी गर्दा देशभर खुसियाली मनाइनु पर्ने हो तर, त्यसो भएको थिएन । सेनालाई अलर्ट राखेर संविधान जारी गरिएको थियो । संविधान जारी हुँदाका दिन देशका विभिन्न भागमा त्यसको विरोधमा जुलुस प्रदर्शनहरु भएका थिए । कतिपय ठाउँमा साँझमा बल्याक आउट पनि गरिएको थियो । यी घटनाहरुबाट के कुरा प्रस्ट हुन्छ भने यो संविधान राष्ट्रिय सहमतिको आधारमा होइन ठूलो विवादको बीचबाट जारी गरिएको थियो ।

यो संविधान जारी हुँदा मुख्यतः दुईवटा कोणबाट विरोध भएको थियो । पहिलो कोण आम नेपाली श्रमिक वर्ग र उत्पीडित जाति, आदिवासी जनजाति एवं समुदायको हितमा यो संविधान छैन । त्यसकारण ती वर्ग र समुदायको हितमा हुने गरी संविधान घोषणा गर्नुपर्दछ भन्ने थियो । यो कोण प्रगतिशील र अग्रगामी कोण थियो ।

संविधानको विरोध गर्नेमा दोस्रो प्रकारको कोण पनि थियो । त्यो प्रतिगामी कोणबाट थियो । यो संविधान जारी गर्दा भारतीय शासक वर्गको पनि विरोध थियो । भारतीय विस्तारवादी शासक वर्गको यो विरोध नेपालको सार्वभौमिकतामाथिको ठाडो हस्तक्षेप थियो । भारतीय शासक वर्गको विरोधको बावजुत पनि संविधान जारी गर्ने कुरा सकारात्मक हुँदाहुँदै पनि त्यसले नेपालका उत्पीडित वर्ग, जाति, समुदाय र क्षेत्रको हितलाई सम्वोधन गर्न सके न । यो नै यो संविधानको सवै भन्दा ठूलो कमजोरी हो ।

यो संविधानले घोषणा गरेको नयाँ कुरा भनेको सामन्ती राजतन्त्र र केन्द्रीकृत एकात्मक हिन्दु राज्यको ठाउँमा संघीयता, गणतन्त्र र धर्म निरपेक्षता हो । यो संविधानले घोषणा गरेको संघीयता, गणतन्त्र र धर्म निरपेक्षता तुलनात्मक रुपमा प्रगतिशिल कुरा हो । यसलाई हामीले सकारात्मक रुपमा लिनुपर्दछ । संविधानमा नेपाली जनताले पहिचान र सामर्थका आधारमा संघीयता खोजेका थिए । तर, यो संविधानले व्यवस्था गरेको संघीयतामा पहिलो कुरा पहिचान र सामर्थ्यको आधारमा नभएर कथित ठूला भनिने तत्कालिन नेका, एमाले र माओवादी केन्द्रले चुनाव जित्ने आधारमा प्रदेशहरुको विभाजन गरेको छ ।

दोस्रो कुरा, प्रदेशहरुलाई जुन प्रकारको अधिकारहरु दिनु पर्दथ्यो त्यो दिइएको छैन । ठीक त्यसरी नै हिन्दु राज्यको ठाउँमा धर्म निरपेक्षता घोषणा गर्नु सही कुरा थियो । तर संविधानमा घुमाउरो रुपबाट देशलाई पूर्णँ धर्म सापेक्ष बनाउन खोजिएको छ । जस्तो संविधानको स्पष्टीकरणमा भनिएको छ, 'धर्म निरपेक्षता भन्नाले सनातनदेखि चल्दै आएको धर्म संस्कृतिको संरक्षणलगायत धार्मिक, सांस्कृतिक स्वतन्त्रता सम्झनु पर्दछ ।' (नेपालको संविधान, पृष्ठ-२) यस प्रकारको स्पष्टीकरणको कुनै आवश्यता छैन, त्यसलाई हटाउनु पर्दछ ।

> दोस्रो संविधान सभाबाट यो संविधान जारी गर्दा देशभर खुसियाली मनाइनु पर्ने हो तर, त्यसो भएको थिएन । सेनालाई अलर्ट राखेर संविधान जारी गरिएको थियो । संविधान जारी हुँदाका दिन देशका विभिन्न भागमा त्यसको विरोधमा जुलुस प्रदर्शनहरु भएका थिए । कतिपय ठाउँमा साँझमा बल्याक आउट पनि गरिएको थियो । यी घटनाहरुबाट के कुरा प्रस्ट हुन्छ भने यो संविधान राष्ट्रिय सहमतिको आधारमा होइन ठूलो विवादको बीचबाट जारी गरिएको थियो ।

यो संविधानले सामान्य जनताहरुलाई भ्रममा पार्न मिठा-मिठा शब्दहरुको प्रयोग गरेको छ । तर गहिरिएर विश्लेषण गर्दा त्यसले भनेको भन्दा ठीक उल्टो चित्र अगाडि आउँछ । जस्तो प्रस्तावनामा भनिएको छ, 'लोकतान्त्रिक मुल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिबद्ध रहि समृद्ध राष्ट्र निमार्ण गर्नु' (नेपालको संविधान, पृष्ठ-१) । समाजवादप्रति प्रतिवद्ध रहि समृद्ध राष्ट्र निमार्ण गर्ने कुरा राम्रो हो तर, समाजवादप्रति प्रतिवद्ध रहने कुरा जनतालाई झुक्याउन राखेको शब्द हो ।

त्यही प्रस्तावनामा भनिएको छ, सामन्ति, निरंकुश, केन्द्रीकृत र एकात्मक राज्य व्यवस्थाले सिर्जना गरेका सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गर्दै', उही पृष्ठ-१) । तर प्रस्तावनामा कतै पनि पूँजीवादी राज्य व्यवस्थाले सिर्जना गरेको विभेद र उत्पीडनलाई अन्त्य गर्ने कुरा गरेको छैन । पूँजीवादी व्यवस्था र समाजवादी व्यवस्था दुई भिन्न व्यवस्था हुन । एकातिर समाजवादप्रति प्रतिवद्धता जायर गर्ने अर्कोतिर पूँजीवादी व्यवस्थालाई अन्त्य गर्ने कुरा नगर्ने भने को सारमा पूँजीवादी व्यवस्थालाई नै समृद्ध गर्ने कुरा हो । समाजवादप्रति प्रतिवद्ध रहने कुरा चाही जनतालाई झुक्याउन राखेको कुरा मात्र हो ।

वि.सं. २००७ सालदेखि अहिलेसम्म जे जति राजनीतिक परिवर्तनहरु भए, ति परिवर्तनहरुबाट राज्य सत्ता शोसक वर्गको हातबाट श्रमिक वर्गको हातमा गएको छैन । वि.सं. २००७ सालदेखि अहिलेसम्म जे जति संविधानहरु निर्माण भए ती सबै संविधानहरु शोसक वर्ग-दलाल तथा नोकरशाही पूँजीपति र सामन्त वर्गको हितमा काम गर्नका लागि एउटा वैधानिक दस्तावेज मात्र बने । वि.सं. २०७२ सालमा जारी भएको यो संविधान पनि त्यसैको निरनतरता मात्र हो । यो संविधानले पनि तीनै शोसक वर्गको हितको रक्षा गर्दछ । त्यसकारण यो संविधानले राष्ट्रियता, जनतन्त्र र जनजीविकाको पक्षमा काम गर्न सक्दैन भन्ने कुरा यो ६ वर्षको अनुभवले पनि पुष्टी गर्दछ ।

अहिले मानिसहरु यो व्यवस्थाको विकल्पको बारेमा नै कुरा गर्न थालेका छन् । यो व्यवस्थाको विकल्पको कुरा गर्नु भनेको यो संविधानको विकल्पमा पनि कुरा गर्नु हो । यो संविधान नेपाली देशभक्त तथा श्रमिक वर्ग तथा उत्पीडित जाति, आदिवासी जनजातिहरुको हितमा छैन भन्ने कुरा झन पछि झन प्रस्ट हुँदै गइरहेको छ । संविधानको विषयमा नै यस प्रकारको संकट आउन थालेपछि संविधान संशोधनको कुराहरु पनि उठ्न थालेका छन् । कैयौं राजनीतिक पार्टीहरुले संशोधनको माग राखेर आन्दोल पनि गर्ने गरेका छन् । तर संविधान संशोधनबाट अहिलेको समस्याको समाधान कुनै हालतमा पनि हुन सक्दैन । यो संशोधन भनेको त फाटेको कपडामा टालो हाल्नु मात्र हो । यो संविधानको सही विकल्प भनेको यसको खारेजी र जन संविधानको निर्माण हो । नेपाली श्रमिक वर्ग र उत्पीडित जात जाति, आदिवासी जनजाति तथा पिछडिएको क्षेत्रको हितमा काम गर्ने हो भने यो संविधानलाई खारेज गर्नुपर्दछ र जन संविधान बनाउनु पर्दछ । यो बाहेक नेपाली श्रमिक वर्ग उत्पिडित जाजजाति, आदिवासी जनजातिहरुको अगाडि अर्को कुनै विकल्प छैन ।

# संघीय व्यवस्था र छोटे राजाहरु

**आज विदेशी शक्तिहरुको लहैलहैमा पुनः देशमा वर्गीय होइन् जातीय र धार्मिक राजनीतिको खेल सुरु गरिएको छ । नेपालको भू-राजनीति एवं सांस्कृतिक क्षेत्रमा ठूलै हस्तक्षेप निम्त्याइएको छ । यसका पछाडि पश्चिमाहरुले खससभ्यता मात्र होइन् हिमत खण्डको संस्कृतिको जगलाई भत्काउने एवंम पश्चिमी संस्कृतिलाई स्थापित गर्ने खेल सुरु गरिएको छ ।**



● गोरखबहादुर वि.सी.

विश्व समुदायले नेपाललाई सुन्दर शान्त र हिमालको काखमा अवस्थित संयुक्त पारिवारिक समाज एवं विविध जात जाति धर्म र भाषिकको मिलन भएको मानवीय सभ्यताको केन्द्रसमेत भएको भनेर विश्वका समुदायहरुले नेपाललाई मान्ने गरेका छन् र सोहीअनुरुप नेपाललाई पर्यटकीय गन्तव्यको घुम्न आउने गरेका छन् । नेपालको राजनीतिक अस्थिरताले गर्दा मुलुकको उन्नती र प्रगति हुन सकेन । सधैं शासक र शासक वरीपरीका व्यक्तिहरु मोटाउने र जनता सधै दुब्लाउने काम भएकोले नेपालमा कयौं पटक नाम मात्रको राजनीतिक परिवर्तत त भए तर, त्यो परिवर्तनले नेपाल र नेपालीको भलो देखिएन । यसर्थ नेपालको केन्द्रिकृत राज्य व्यवस्था र सोसँग जोडिएका यन्त्रहरुले ग्रामिण क्षेत्रहरु अगाडी उठ्न सकेनन् ।

आज विदेशी शक्तिहरुको लहैलहैमा पुनः देशमा वर्गीय होइन् जातीय र धार्मिक राजनीतिको खेल सुरु गरिएको छ । नेपालको भू-राजनीति एवं सांस्कृतिक क्षेत्रमा ठूलै हस्तक्षेप निम्त्याइएको छ । यसका पछाडि पश्चिमाहरुले खस सभ्यता मात्र होइन् हिमत खण्डको संस्कृतिको जगलाई भत्काउने एवंम पश्चिमी संस्कृतिलाई स्थापित गर्ने खेल सुरु गरिएको छ । साथै छिमेकीहरुको कठपुतली बनाउने र नेपाललाई सधैं दक्षिणदेखि उत्तरले तानातान गर्ने मुलुकको रुपमा बनाउन खोजिएको छ । नेपालको प्रगति हुन नदिने, अगाडि बढ्न खोज्यो भने सधै निहुँ खोज्ने र तल झारीरहने काम भईरहेको छ । तर, यसमा नेपालका राजनीतिक नेतृत्व सधैँ अरुका गोटी माात्रै बनिरहेका छन् ।

नडराएर भन्ने हो भने खस साम्राज्य विघटनपश्चात नेपालमा जो जसले हावादारी रुपमा इतिहास बनाए पनि नेपालमा विदेशीको हस्तक्षेप भएकै छ । यसैले पृथ्वीनारायण शाहको अढाई सय वर्षको इतिहासलाई अति रन्जित देखाएर खस साम्राज्य एवम् किराँत राज्यलाई सिध्याउने काम गरियो । इतिहास भनेको डेढ सय वर्षको मात्रै हुन सक्दैन । तर भरौटे इतिहासकारदेखि ठग बुद्धिजिवी एवंम देशको दिग्दर्शन तथा भविष्य दृष्टि नभएका व्यापारी नेताहरुको भ्रम र शब्दजालमा नेपालको वास्तविक जनताको अधिकार, जनताको चाहाना नेपाललाई समृद्धि बनाउने बाटो एवम् जगको जगनै भत्काउने काम भएको छ । सत्यतथ्य, सहि र वास्तविकतामा आधारित भएर लेखन उठान गर्ने ठाउँमा यहाँका दोहोरो तलब खाने जनतालाई सधै भ्रम छरिरहने लेखक, पत्रकार एवम् बुद्धिजिवीको विषयमा पनि हामीले गम्भीर प्रश्न उठाउने र सोच्नु पर्ने भएको छ ।

> नेपालको राजनीतिक अस्थिरताले गर्दा मुलुकको उन्नती र प्रगति हुन सकेन । सधैं शासक र शासक वरीपरीका व्यक्तिहरु मोटाउने र जनता सधै दुब्लाउने काम भएकोले नेपालमा कयौं पटक नाम मात्रको राजनीतिक परिवर्तत त भए तर, त्यो परिवर्तनले नेपाल र नेपालीको भलो देखिएन ।

विश्वको तेस्रो मुलुक जो गरिब र समस्यासँग गाँजिएको हुन्छ, त्यस्तो मुलुकमा बहुवाल र बहुसिस्टमको राजनीतिक मोडेल आवश्यकता हुँदैन । यसका लागि हामीले मलेसियाको उदाहरण लिन सक्छौ । डा. मम्मद मसिनले मलेसिया बाहिर रहेका सम्पूर्णं मलेसियनहरुलाई आफ्नो देशमा बसेर देशको निर्माण एवम् उत्पादनमा लगाउन आव्हान गरे र सबै मलेसियनहरु आफ्नो देशमा बसेर देशको निर्माण र उन्नति गरे । तर हाम्रो देशमा दिनहुँ सक्षम नेपालीहरु विदेशीको उन्नती प्रगतिका लागि लाखौं बाहिरिन्छन् । नेपालको वास्तविक श्रम शक्तिहरु विदेशीको सेवामा दासी भएका छन् । यस्तो शासक र राज्य संचालन पद्धतिमा कुनै शासकदेखि नेतृत्वसम्मका व्यक्तिबाट मेरो देश बनाउनु पर्छ भने र स्वाभिमानका शब्दजाल नपाउँदा यो पंक्तिकार आफैलाई धिकार्छ । यस्तो ठग र बेइमानीपूर्णं हरेक क्षेत्रमा हस्तक्षेप भईसकेको अवस्थामा म यो देशको शासक हुँ या यो देशको राजनीति नेतृत्व गर्छु भन्ने कुनै पनि दल या शासकहरुलाई लज्जाबोध हुनु पर्ने हो । तर लाजै नपचाएर निर्धक्क रुपमा बोल्ने कराउने, लेख्ने त्यसैमा आफ्नो मानो खाएर जनताको गुणगान गाउने पेशा नै दलाली भईसकेपछि कसको के लाग्छ ? नेपालमा राम्रो काम गर्ने मानिस अगाडि नबढ्नाको कारण सतिले सरापेको भनेको कुरा हाम्रो नेपाली उखानसँग मिले जस्तो पंक्तिकारलाई महसुस भएको छ ।

यो सन्दर्भ पंक्तिकारले किन प्रस्तुत गरेको भने नेपालमा एउटा राजालाई किनारा लगाई अब दश राजा जन्माउने काम भएको छ । यी राजाहरु विदेशीका भरौटे र दलाल भए यो विषय नै महत्वपुर्ण हो । यी व्यापारी राजा भन्नेहरुलाई जनताको महाराजा आवश्यकता थियो । तर जनताको महाराजा भेटिएन जसले नेपाली जनताको हरेक अधिकारसँग लड्थ्यो र नेपाली जनतालाई आत्मानिर्भर बनाउ थियो । र नेपाल राष्ट्रलाई स्वाभिमान सार्वभौम बनाउ थियो एवंम हाम्रो मुलुकलाई विदेशीहरुको राजनीति प्रयोशालाको क्षेत्रबाट मुक्त गर्दथ्यो । यही खोजीमा म जस्तै धेरै मान्छेहरु लागि रहेका छन् । बिडम्बना व्यक्तिभन्दा पनि राजनीतिक दलहरु नै यस्तो जनताका सार्वभौम राजाको खाजी गर्नुपर्ने थियो तर, राजनीतिक दलहरु, नेतृत्व गर्नेहरु सबै दलाल भई सकेपछि अब नयाँ तरिकाबाट कि विद्रोह गर्नुपऱ्यो कि त विदेशीहरुका भरौटेहरुलाई छोडी दिनु पऱ्यो ।

# काठमाडौंका बजारमा दशैं व्यापार शुरु

दिपेन्द्र श्रेष्ठ/मध्यान्ह
काठमाडौं, ६ असोज

काठमाडौंको महाबौद्ध भित्र चाइनिज होलसेल बजारमा दशैं लागेको छ। पहिलेको तुलनामा यसपालि अधिकांश चाइनाबाट आउने चाइनिज सामान र भारतबाट आउने भारतीय सामानहरु महंगो भएको व्यापारीहरु बताउँछन ।

चाइनिज सामानका ब्यापारी रामेस चन्द्र श्रेष्ठ पोहोरको तुलनामा यसपालि २५ देखि ५० रुपैयाँ हरेक सामानमा महंगो भएको बताउँछन् । उनी आफैं सिँधै चाइना गएर सामान ल्याउने गरेको बताए । उनी यहि सामान अरुले ल्याएर बजारमा दिँदा १० रुपैयाँ महँगो पर्न आउँछ। ग्राहकसँग प्रतिस्पर्धा गर्न सकिएन। व्यापारको अर्थ नरहने बताउँछन्। त्यसैले बाध्य भएरनै चाइना पुग्नुपर्ने उनको भनाइ छ ।

यसपाली चाइनाबाट आएका कच्चा कपडाको फोल्डमा केहि सेन्टिमिटर कम भएर आएको बताए। पहिलेको फोल्डमा ७० देखि



८० सेन्टिमिटर हुन्थ्यो भने यसपाली त्यहि कपडा ६५ देखि ६८ सेन्टिमिटरमा झरेर आएको बताए। अर्का व्यापारी अनुप अग्रवाल भारतीय कपडाका व्यापारी हुन् । उनले भारतबाट आयात गरेका सर्टिङ, सुर्टिङ, कुर्ता, साडिहरुको थोक बिक्री गर्छन्। उनको पसल धेरै पुस्ता अगाडिदेखि यहि थलोमा व्यापार गरिरहेको छ । बजेट भाषणसँगै पहिलेको तुलनमा यसपाली कपडाहरु मिटरको १० देखि २० रुपैयाँ बढेर आएको बताए ।

नेपालमा उत्पादन हुने सामानहरुको पनि भाउ त्यहि अनुरुपमा बढेको बताउँछन्। नेपाली कपडाको भाउ बढेपनि भारतीय कपडाको तुलनामा ढुवानी र भन्सारको कारण सस्तो भएकोले बढीजसो नेपाली कपडाको बिक्री बढी हुने उनी बताउँछन् ।

व्यापारी नानुराम अग्रवालले यसवर्ष कोरोनाले गर्दा व्यापारमा कमि आएको र यो वर्ष सामान पनि भनेजति राख्न नसकिएको बताए । सामान राखेर मात्र के गर्नु व्यापार गर्न सकिएन भने पैसा मात्र फस्ने डरले उनले यसपाली सामान घटाएर व्यापार गर्ने मनसाय बनाएको उनी बताउँछन्। यो बजारमा प्राय चाइनाबाट आएका र नेपालमै उत्पादन भएको बिभिन्न किसिमका लत्ताकपडा जुत्ता चप्पल लगाएतका सामानको थोक बिक्री हुन्छ ।

# लोकतन्त्रमा अभिव्यक्ति स्वतन्त्रता र सूचनाको हक अपरिहार्य छः राष्ट्रपति



**काठमाडौं/रासस**–राष्ट्रपति विद्यादेवी भण्डारीले विश्वव्यापी मान्यताप्राप्त निकाय प्रेस काउन्सिलले सञ्चार क्षेत्रलाई अब्बलरूपमा उभ्याउन कोसिस गर्नुपर्ने बताएकी छन् । प्रेस काउन्सिल नेपालको ५२ औं वार्षिकोत्सवका अवसरमा आज यहाँ आयोजित समारोहमा उनले त्यसका लागि काउन्सिललाई स्वतन्त्र, स्वायत्त र प्रभावकारी बनाउन सबै निकायबाट सहयोग हुनुपर्ने आवश्यकता औंल्याइन् ।

राष्ट्रपति भण्डारीले भनिन्, 'जिम्मेवार पत्रकारिता, सुसूचित आमजनता र जवाफदेही सरकार लोकतन्त्रका परिसूचक हुन् । लोकतन्त्रको अभ्यासमा आमसञ्चारको क्षेत्रमा देखिएका कमीकमजोरी हट्दै जानेछन् । पत्रकारजगतबाट आचारसंहिता पालना हुनेछ ।' दुई वर्ष सञ्चारमाध्यम र पत्रकार जगत्ले कोभिड-१९ को महामारीबाट पीडित हुने परेकामा दुःख लागेको बताउँदै उनले संक्रमणको जोखिमपूर्ण परिस्थितिमा पनि समाचार सम्प्रेषणका माध्यमद्वारा पेशाप्रतिको दायित्व बहन भएको भनी सराहना गरिन । लोकतन्त्र र आमसञ्चार क्षेत्र एकअर्काको परिपूरक भएकाले लोकतन्त्र र मानवअधिकार प्रवर्द्धनका लागि आमसञ्चार क्षेत्रले अभिन्न अंगका रूपमा काम गरिरहेको बताउँदै राष्ट्रपति भण्डारीले भनिन्, 'लोकतन्त्रको सफलताका लागि अभिव्यक्ति स्वतन्त्रता र सूचनाको हक अपरिहार्य छ ।'

कानून, न्याय तथा संसदीय मामिलामन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले विश्वमा विकसित भएका नयाँ प्रविधिको प्रयोगलाई आत्मसात् गरी परिमार्जित र व्यवसायी बन्दै अघि बढेकै कारण नेपालको सञ्चार क्षेत्र उदाहरणीय बन्न सफल भएको बताए। उनले भने, 'सञ्चार क्षेत्रको विकास, सदृढीकरण र सुव्यवस्थित गर्न सरकार जिम्मेवारी लिन तयार छ, समाजलाई सुसंस्कृत र अनुशासित बनाउन सञ्चार क्षेत्र जिम्मेवार भई काम गर्नुपर्छ। यस मामिलामा नेपाली सञ्चारक्षेत्र निष्ठावान रहिआएको छ ।'

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव डा वैकुण्ठ अर्यालले पत्रकारिता क्षेत्रको नियमन निकायका रूपमा रहेको प्रेस काउन्सिलले सजग, सतर्क र चनाखो भएर सत्यतथ्यसहितको सान्दर्भिक सूचना सम्प्रेषण गर्ने गराउने विषयमा क्रियाशील हुन आवश्यक रहेको बताए। उनले भने, 'पत्रकारितालाई गतिशील, मर्यादित, निष्पक्ष र विश्वसनीय तुल्याउने सवालमा मन्त्रालयले सधैं सहयोग पुऱ्याउने छ।' काउन्सिलका अध्यक्ष बालकृष्ण बस्नेतले काउन्सिलबाट पत्रकारिता क्षेत्रलाई स्वच्छ, निष्पक्ष र मर्यादित तुल्याउन भइरहेका विभिन्न प्रसासबारे जानकारी गराए।

कोभिड-१९ का कारण आमसञ्चार क्षेत्र निकै प्रभावित भएका, कैयौं सञ्चारगृह बन्द भएका र पत्रकारले रोजगारी गुमाउन परेका घटना सुनाए । पुरस्कृत व्यक्तित्व भारत दत्त कोइरालाले पत्रकारिता क्षेत्रमा बौद्धिक, आँटिलो र जोसिलो व्यक्तित्वको परिचय स्थापित गरेर बिदा हुनुभएका स्व गोपालदास श्रेष्ठका नाममा स्थापित पुरस्कार प्राप्त भएकामा त्यसबेलाका व्यक्ति र पत्रकारिताको स्मरण भएको बताए। समारोहमा राष्ट्रपति भण्डारीले काउन्सिलको पहिलो प्रकाशन वार्षिक अंग्रेजी संस्करण 'पीसीएन इयर बुक २०२०/२१' संहिता र काउन्सिलको ४६औं वार्षिक प्रतिवेदनको लोकार्पण गरेकी थिइन् ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

## हक दावी सम्बन्धी सूचना

यस कार्यालयमा मिति २०५५/०१/१४ मा दर्ता भएको **प्रा.लि. नं. ८३९४** को **प्रकृति ट्रेडर्स प्रा.लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिनेछ ।


## ओमानमा रोजगारको अवसर | कम्पनी: KAEFER INSULATION LLC
शहर: SUHAR

पूर्व स्वीकृत मिति: २०७८/०५/२७ चलानी नं.: ६०१६२८५५ L.T. No.: 245481

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Scaffolding Installation Worker | 25 | 0 | स. काममा दक्ष | 120 | ३६,५६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

मेनपावर कार्यालय धोबिघाट, ललितपुरमा २०७८ असोज १४ गते (30 SEP 2021) हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

श्रम इजाजत पत्र नं.: ५९७/०६२/०६३
**बज्र ह्युमेन रिसोर्सेज प्रा. लि.**
जि.पि.ओ.बक्सः २३९०१, धोवीघाट, नयाँबाटो, ललितपुर, नेपाल, फोनः ५५५५८२३,
Email: info@bajrahrs.com, bajrah@gmail.com | url: www.bajrahrs.com



## OMAN मा रोजगार | १. कम्पनी :REHAM INTERNATIONAL SPC
शहर: Muscat

पूर्व स्वीकृत मिति: २०७८/०६/०६ चलानी नं.: ६०१६३५६१ LT. No.: 246299

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Food Service Supervisor | 1 | 0 | सम्बन्धित काममा दक्ष | 250 | ७६,७१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cook/general | 1 | 0 | | 150 | ४६,०२६ | | | | | | | |
| 3. | Grilled Meat Maker | 1 | 0 | | 150 | ४६,०२६ | | | | | | | |
| 4. | Manicurist | 4 | 0 | | 170 | ५२,१६२ | | | | | | | |
| 5. | Men Barber | 6 | 0 | | 120 | ३६,८२० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ असोज १४ गते (30 September 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Aslesha International Pvt. Ltd.** श्रम इजाजत नं. १४०२/०७४/०७५
Basundhara, Kathmandu, Tel.: 01-4016608, 4016608, Mob: 9803190690,9818330451, 9826144356,9801818437, Email: aslesha.international@gmail.com



## UAE मा रोजगारको अवसर | कम्पनी: IMDAAD L.L.C.
शहर: DUBAI

पूर्व स्वीकृत मिति: २०७८/०६/०६ चलानी नं.: ६०१६३५३७ L.T. No.: 246375

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner/janitress | 0 | 50 | सम्बन्धित काममा दक्ष | 900 | २८,७८२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | cleaner/general Labourer | 150 | 0 | | 800 | २५,५८४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ असोज १४ गते (30 September 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं.: ८२३/०६६/०६७
**Al Secure Manpower Recruitment P. Ltd.**
Panchakumari Temple, Chandrodaya Marg, House No. 151 Sinamangal, Kathmandu, Nepal, P.O Box: 23949
Tel: 01-4592900, 4590800, 4589700 | Email: documentation@smrnepal.com | Website: smrnepal.com



## कतारमा रोजगार | कम्पनी: CONSTRUCTION DEVELOPMENT COMPANY LLC
शहर: QATAR

पूर्व स्वीकृत मिति: २०७७/१०/१६ चलानी नं.: ६०१४९०८७ LT. No.: 235875 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electric Tech. | 40 | 0 | सम्बन्धित काममा दक्ष | 1100 | ३५,४९७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Mechanic | 35 | 0 | | 1100 | ३५,४९७ | | | | | | | |
| 3. | Labour | 150 | 0 | | 1000 | ३२,२७० | | | | | | | |
| 4. | Carpenter | 20 | 0 | | 1100 | ३५,४९७ | | | | | | | |
| 5. | Driver | 10 | 0 | | 1700 | ५४,८५९ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ असोज १४ गते (30 September 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**आशा ईन्टरनेशनल प्रा. लि.** License No.: 243/058/059
कान्तिमार्ग, महाराजगंज, काठमाडौं, पो.ब.नं. २४७५२ । फोन : ०१-४४४१३६१, फ्याक्स : ०१-४४३६२८५



## कतारमा रोजमारी | Company: Strong Man Trading and Construction
पूर्व स्वीकृती मिति: 2021/09/22 चलानी नं. 60163527 LT: 245966

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | [illegible] | [illegible] | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LABOURER | 6 | [illegible] | 1000 | ३९,४४५ | [illegible] | [illegible] | ६ दिन | [illegible] | [illegible] | [illegible] |

[illegible]

अन्तरवार्ता मेनपावर कार्यालय, काठमाण्डौंमा २०७८ असोज १४ गते (30th Sept. 2021) हुनेछ ।

[illegible]

**आरोहन ह्युमन रीसोर्स प्रा. लि.** Govt. Lic. No. 1420/074/075
पिङ्गलास्थान, गौशाला, काठमाण्डौं, फोन: ०१-[illegible]



## साउदीमा रोजगार | कम्पनी: FROOG DORR ARJAN OWNER GAWHER FAYEZ ALASMRI
शहर: ABHA

पूर्व स्वीकृत मिति: २०७८/०६/०६ चलानी नं.: ६०१६३५६० LT. No.: 240753

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Chicken Grill Worker | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ३७,५९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Meat Grill Worker | 1 | 0 | | 1200 | ३७,५९६ | | | | | | | |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ असोज १४ गते (30 September 2021) मा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Kanchanjunga Overseas Pvt. Ltd.** Govt. Lic. No. 582/062/063
Gyankunja Marga, Shantinagar, Kathmandu, Tel.: 4621331, 4621332
E-mail : kanchanjungha582@gmail.com, Web.: www.kanchanjunghaoverseas.com



## SAUDI ARABIA मा वैदेशिक रोजगारको अवसर
कम्पनी: FIRST SERVICE ESTABLISHMENT FOR OPERATION AND MAINTENANCE शहर: DAMMAM

पूर्व स्वीकृत मिति: २०७७/११/२५ चलानी नं.: ६०१५५२०९ LT. No.: 236997 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Normal Worker | 16 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३१,३३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Whole vehicle Driver | 30 | 0 | | 1800 | ५६,३९४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ असोज १४ गते (30 September 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**S.R. Group HR Consultancy Pvt. Ltd.**
(Access Partner Manpower Pvt. Ltd.)
Govt. Lic. No.: 1123/073/074
Address: Sinmangal-9, Kathmandu | Tel : 01-4110700
Mob.: 9818587303, 9818309178, 9841516281 | Web.: www.srgroupsa.com



## साउदीमा वैदेशिक रोजगारको रोजगारी
कम्पनी: MOHAMMED HAMID ABDUL RAHMAN AL HARBI READY MIX CONCRETE FACTORY, Yanbu

पूर्व स्वीकृत मिति: २०७८/०३/११ चलानी नं.: ६०१५९२७१ L.T. No.: 241428 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 8 | 0 | स. काममा दक्ष | 1800 | ५६,३९४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ असोज १४ गते (30 September 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**एड्भेन्चर ह्युमन रिसोर्स प्रा. लि.** श्रम ईजाजत पत्र नं. ७४५/०६४/०६५
सितापाईला, काठमाडौं, नेपाल, फोनः ४२८२५९०, ४२८२०३९, फ्याक्सः ४२८१७१३



## साउदी र कतारमा रोजगार | १. कम्पनी : KHALID HAMOUD AL KHALDI PARTNERS CO.
शहर: Dammam

पुर्व स्वीकृत मिति: २०७८/०५/०४ चलानी नं.: ६०१६१७२९ L.T. No.: 244093 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 1 | 0 | स. काममा दक्ष | 1800 | ५६,३९४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: REDCO INTERNATIONAL TRADING & CONTRACTING WLL शहर: QATAR
पुर्व स्वीकृत मिति: २०७७/११/०७ चलानी नं.: ६०१५४६७६ L.T. No.: 236258 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 7 | 0 | स. काममा दक्ष | 1000 | ३२,२७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनी: REDCO INTERNATIONAL TRADING & CONTRACTING WLL शहर: QATAR
पुर्व स्वीकृत मिति: २०७७/०८/२८ चलानी नं.: ६०१५३८४० L.T. No.: 235467 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1300 | ४१,९५१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Mason | 6 | 0 | | 1300 | ४१,९५१ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ भदौ १२ गते (28 August 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | क.नं. २ को रु.१०,०००/- अन्यको नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**अल-समित म्यानपावर प्रा. लि.** श्रम ईजाजत पत्र नं. ४१५/०६१/०६२
सामाखुसी, टाउनप्लानिङ, काठमाडौं, फोन नं.: ४३८२२२२, ४३८२४४४, ४३८६५४४, फ्याक्स: नं. ४३८१३६४
Website: www alsmmc com E mail: alsamitmanpower495@gmail com

# मनाङका बालबालिकालाई टेण्टमै पठनपाठन

**नवीन लामिछाने/रासस**
मनाङ, ६ असोज



जिल्लाको प्रवेशद्वारमा रहेको सुन्दर बस्तीको गाउँ बाढीपहिराले तहसनहस भएको छ। जिल्लाकै सुन्दर बस्तीमध्ये एकमा पर्ने तालगाउँमा रहेको भानु माध्यमिक विद्यालय गत असार १ मा मर्स्याङ्दीमा आएको बाढीले गाउँसँगै डुबानमा पर्‍यो।

गाउँमा बाढी पसेपछि विद्यालय जोगिने कुरै भएन। गाउँवासी जङ्गलमा स्थानान्तरण भए। विद्यालयको भौतिक संरचना केही मात्र देखिन्छ। अझै पनि बस्तीमा बाढीको जोखिम उत्तिकै छ। पहिलेको बस्तीमा गाउँवासी बस्ने अवस्थामा छैनन्। झन् विद्यालयमा पठनपाठन गर्न सक्ने अवस्था नै छैन। भविष्यका कर्णधारका रूपमा विकास भइरहेका बालबालिकाको भविष्य बनाउने जिम्मेवारी विशेषगरी जनप्रतिनिधिलाई दिइएको छ। जनप्रतिनिधिको सक्रियतामा बाढीपीडित बालबालिका पठनपाठनको व्यवस्था गरिएको छ। बालबालिकाको भविष्य बनाउनका लागि टेण्टमा नै पठनपाठन गर्ने व्यवस्था गरिएको नासों गाउँपालिकाका अध्यक्ष चन्द्र घलेले जानकारी दिए।

उनका अनुसार बालबालिकाको भविष्य बनाउने जिम्मेवारी भएकाले टेण्टमा नै भए पनि पठनपाठनको व्यवस्था गरिएको छ। 'प्रकृतिले बालबालिकाको भविष्यमा नै पुर्‍याएको क्षतिको पूर्ति गर्नुपर्ने जिम्मेवारी हाम्रो हो, भविष्य निर्माणका लागि टेण्टमा नै पढ्ने व्यवस्था गरिएको छ, पठनपाठन सुरु पनि भइसकेको छ', अध्यक्ष घलेले भने।

बाढीपहिराका कारण स्थानान्तरण भएका बालबालिकाको भविष्यलाई लक्ष्य गरी पठनपाठनको व्यवस्था गरिएको उनले बताए। भर्खरै मात्र कोभिड-१९ बाट केही हदसम्म तङ्गिएको अवस्थामा पुनः बाढीले थलिएका बेला गाउँपालिकाका जनप्रतिनिधिले सहयोग पुर्‍याएको भानु माविका प्रधानाध्यापक श्याम पन्थीले बताए।

उनका अनुसार जनप्रतिनिधिकै सहयोगले यहाँका बालबालिकाले पठनपाठन गर्ने भएका छन्। 'उहाँहरुको सहयोगले अस्थायी तवरबाट टेण्ट टाँगी बालबालिकाको पढ्न पाउने अधिकारलाई सुनिश्चतता गरिदिनुभएको छ', पन्थीले भने।

बालबालिकाको पठनपाठनका लागि ताल गुम्बाको प्राङ्गणमा व्यवस्थापन गरिएको छ। बाढीले बालबालिकाको मनोवैज्ञानिक असर पनि पारेको छ। यससँगै बाढीबाट बालबालिकामा पारेको मनोवैज्ञानिक असरलाई समेत निराकरण गरी उनीहरुको उज्ज्वल भविष्य निर्माणमा उहाँहरुको महत्वपूर्ण भूमिका र योगदानप्रति तालगाउँवासी खुसी भएका छन्।

नासों-१ ताल गाउँस्थित भानु माविमा हालसम्म पनि मर्स्याङ्दी नदी बगिरहेको छ। तीन मावि र एक आधारभूत विद्यालयमा बाढीका कारण क्षति पुगेको छ। यी विद्यालयमा पठनपाठन गराउन सक्ने अवस्था नरहेको शिक्षा विकास तथा समन्वय एकाइका प्रमुख नारायणप्रसाद रेग्मीले बताए।

'जोखिमको अवस्थामा तालगाउँका बालाबालिकाका लागि पठनपाठन सञ्चालन गर्न लागिएको छ, टेण्टमा नै तयारी गरिएको छ, बालबालिकाकाको नैसर्गिक अधिकारबाट बञ्चित गराउनु हुँदैन भनेर गाउँपालिकाको सहयोगमा तयारी गरिएको छ', रेग्मीले भने। बाढीपहिरापछि मनाङमा कोभिड न्यूनीकरण भएसँगै विद्यालय खुला गरिएको उनले बताए।

त्यस्तै नासों-६ थोंचेस्थित डाँडाको टाकुरामा रहेको प्रकाश ज्योति माविलाई एकतर्फ मर्स्याङ्दी नदी र अर्कोतर्फ दूधखोलाले क्षति पुर्‍याएको छ। कक्षा १२ सम्म पढाइ हुने यस विद्यालयमा पठनपाठनका लागि मर्स्याङ्दी नदीमाथिको झोलुङ्गे पुलमार्फत जानुपर्ने भए पनि बाढीले पुल बगाएपछि विद्यालयसम्म पुग्नसमेत सकिँदैन।

जिल्लाका चार माविमा मनाङ डिस्याङ गाउँपालिका-६ मनाङ गाउँस्थित अन्नपूर्ण माविमात्रै बाढीबाट जोगिएको रेग्मीले जानकारी दिए।

सदरमुकामस्थित चामे गाउँपालिका-४ स्थित नमूना विद्यालय लोकप्रिय माध्यमिकमा आउजाउका लागि नेपाली सेनाको श्रमदानमा फड्के र तारबार गरिदिएपछि पठनपाठन सञ्चालन भइसकेको छ। छात्राबाससहितको विद्यालयको एक चौथाइ भागमात्रै बाँकी रहे पनि पठनपाठन भइरहेको छ।

## सर्पले डस्दा दिदीभाइको मृत्यु



**राजविराज/मस-** सप्तरीमा विषालु सर्पले डस्दा एकै परिवारका दिदीभाइको मृत्यु भएको छ।

मृत्यु हुनेमा खडक नगरपालिका-२ बेल्हीका १४ वर्षीया सुनिता मण्डल र नौ वर्षीय कृष्ण मण्डल रहेका छन्।

घरमा सुतिरहेकै अवस्थामा दुवै जनालाई सर्पले डसेको हो।

उनीहरुको उपचारका लागि अस्पताल लैजाने क्रममा बाटोमै मृत्यु भएको वडाध्यक्ष रामअवतार साहले जानकारी दिए। राति सुतेको अवस्थामा दुवैको मुखबाट फिज आएको देखेपछि परिवारका सदस्यहरुले उपचारका लागि अस्पताल लगेका थिए।


### साउदीमा रोजगार | कम्पनी: JABER BATTAL AL DOSSARY TAILORING STORE. शहर: SAUDI

पूर्व स्वीकृत मिति: २०७८/०६/०६ चलानी नं.: ६०१६३५१४ LT. No.: 240438

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker | 2 | 0 | स. काममा दक्ष | 1000 | ३१,३३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ असोज १४ गते (30 September 2021) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

आगामी सेप्टेम्बर २४ का दिन ह्वाइट हाउसमा प्रधानमन्त्री मोदीको अमेरिकी राष्ट्रपति बाइडेनको भेटवार्ता हुने समाचारमा जनाइएको छ । गत २० जनवरीमा अमेरिकी राष्ट्रपति पद बाइडेन सम्हालेपछि यी दुई नेताबीच पहिलो व्यक्तिगत भेटवार्ता हुन लागेको भारतीय विदेश सचिव हर्षवर्धनले जारी गरेको विज्ञप्तिमा जनाइएको छ । प्रधानमन्त्री मोदी र राष्ट्रपति बाइडेनबीच कट्टरपन्थीलाई रोक्न र आतंकवादसँग लड्नका उपायहरुबारे छलफल हुने अपेक्षा गरिएको छ । उनीहरुबीच रक्षा, व्यापार सम्बन्ध, सुरक्षा सहयोग र स्वच्छ ऊर्जा साझेदारीलाई अझै बीच बलियो बनाउने उपायहरुका बारेमा छलफल हुने अपेक्षा गरिएको छ ।

प्रधानमन्त्री मोदी र बाइडेनबीच अफगानिस्तानको हालको घटनाक्रमपछिको वर्तमान र क्षेत्रीय सुरक्षा स्थिति बारे छलफल हुने बताइएको छ । प्रधानमन्त्री मोदीको सेप्टेम्बर २२-२५ सम्मको अमेरिका भ्रमणको क्रममा व्यापारिक अन्तरक्रिया पनि गर्नेछन् । प्रधानमन्त्री मोदी शुक्रबार अमेरिकी राष्ट्रपतिद्वारा आयोजित क्वाडको शिखर सम्मेलनमा भाग लिने छन् । यस सम्मेलनमा जापानका प्रधानमन्त्री योशिहिदे सुगा र अष्ट्रेलियाका प्रधानमन्त्री स्कट मोरिसन सहभागी हुने भएका छन् । प्रधानमन्त्री मोदीले सेप्टेम्बर २५ मा न्यूयोर्कमा संयुक्त राष्ट्रसंघ महासभा (युएनजीए) को ७६ औं सत्रको सम्बोधन गर्नेछन् ।

# बेलायतमा एकै दिन ३१ हजार बढीमा संक्रमण

**काठमाडौं/एजेन्सी–** बेलायतमा पछिल्ला केही हप्तायता कोभिड १९ का सङ्क्रमितहरुको संख्या झन् बढ्न थालेको बताइएको छ । यहाँ प्राप्त पछिल्लो समाचारअनुसार मंगलबार मात्र बेलायतमा ३१ हजार भन्दा बढी सङ्क्रमित भएको बताइएको छ ।

बेलायतका स्वास्थ्य सम्बन्धी अधिकारीहरुले गएको २४ घन्टा यतामात्र करिब ३१ हजार ५६४ जना कारोना भाइरसका नयाँ सङ्क्रमित फेला परेका बताएका छ । बेलायतमा केही दिनयताको यो सङ्क्रमितको संख्या धेरै हो । यहाँका स्वास्थ्य क्षेत्रका अधिकारीहरुले दिएको जानकारीअनुसार केही हप्तायता यहाँ ठूलो संख्यामा नयाँ सङ्क्रमितहरु थपिने क्रम जारी रहेको छ । उनीहरुकाअनुसार यहाँ आजसम्म यहाँका सङ्क्रमितहरुको संख्या ७४ लाख ९६ हजार ५२० जना पुगेको छ । त्यसैगरी यहाँ यस सङ्क्रमणबाट भएको मृत्युको संख्या १ लाख ३५ हजारभन्दा बढी पुगेको छ ।


**साउदीमा रोजगार ।** कम्पनी: TAMKEEN HUMAN RESOURCE CO शहर: RIYADH

पूर्व स्वीकृत मितिः २०७८/०१/०२ चलानी नं.: ६०१५७५३९ LT. No.: 239378 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: SR | मासिक तलब: ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Laborers | 2 | 0 | स. काममा दक्ष | 1000 | ३१,३३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०७८ असोज १४ गते (30 September 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

श्रम इजाजत नं. ८७५/०६६/०६७

**लक्की एच.आर. सोलुसन प्रा. लि.**

जावलाखेल, ललितपुर, नेपाल, फोनः ५५२०५६२, ५५५०६३४, ५५५५१४४, ५५५५१८०

Email- info@merocvs.com / info@luckyhrsolution.com


# अस्ट्रेलियामा भूकम्प, मेलबर्नमा केही घर भत्किए



**काठमाडौं/एजेन्सी–** दक्षिणपूर्वी अस्ट्रेलियामा ५.८ म्याग्निच्यूडको भूकम्प गएको छ । भूकम्पका कारण मेल्वर्न सहरमा भवनहरू भत्किएका छन् । स्थानीय समयानुसार बुधवार बिहान ९:१५ बजे म्यान्सफील्डमा केन्द्रबिन्दु बनाएर उक्त भूकम्प गएको हो । उक्त स्थान भिक्टोरिया राज्यको राजधानीनजिकै छ ।

अस्ट्रेलियाका प्रधानमन्त्री स्कट मरिसनले कोही पनि गम्भीर घाइते भएको विवरण प्राप्त नहुनु सुखद समाचार भएको बताएका छन् । भूकम्पको धक्का छिमेकी साउथ अस्ट्रेलिया र न्यू साउथ वेल्स राज्यमा पनि महसुस गरिएको थियो । केही वर्षयता अस्ट्रेलियामा आएको यो सबैभन्दा ठूलोमध्येको भूकम्प हो। तर त्यसबाट खासै ठूलो क्षति भएको जस्तो देखिँदैन ।

अमेरिकाबाट बोल्दै प्रधानमन्त्री मरिसनले अस्ट्रेलियाका लागि भूकम्प असामान्य भएकाले 'निकै अशान्तिकारक घटना' हुनसक्ने बताएका छन् । भिक्टोरिया राज्यको आपत्कालीन सेवाले सर्वसाधारण मानिसलाई सम्भावित परकम्पप्रति चनाखो रहन आग्रह गरेको छ ।

'तपाईं भिक्टोरियामा हुनुहुन्छ भने तपाईं जोखिममा हुनुहुन्छ । परकम्पहरू जान सक्छन्, त्यसैले क्षतिग्रस्त भवन र अन्य खतराबाट परै बस्नुहोस् । अत्यावश्यक हुँदाबाहेक सवारी नचलाउनुहोस्,' उसले भनेको छ ।

अस्ट्रेलियामा ठूला भूकम्पहरू असामान्य मानिन्छ । किनभने उक्त महादेश टेक्टोनिक प्लेटको बीचमा अवस्थित छ । जीओसाइन्सेज अस्ट्रेलियाका अनुसार बुधवारको भूकम्प जमिनमुनि १० किलोमिटर तल गएको थियो । पहिला ६ म्याग्निट्यूडको भूकम्प गएको भनिएको थियो । तर पछि संशोधन गरेर त्यसको मान ५.८ कायम गरिएको हो ।

# यमनमा हवाई कारबाही हुँदा १२ हुथी विद्रोहीको मृत्यु

**काठमाडौं/एजेन्सी-** केही दिनयता देखि यमनमा त्यहाँ रहेको साउदी अरेबिया नेतृत्वको सेनाले हुथी विद्रोहीका विरुद्धमा कारबाहीलाई निरन्तरता दिएको छ । सो सेनाले यहाँ मगलबार पनि गरेको यस्तै कारबाहीमा परी १२ जना हुथी विद्रोहीहरु मारिएके बताइएको छ । सो सेनाले गत सोमबार पनि यहाँको मध्य क्षेत्रीय प्रान्त मारिबमा हुथीका विरुद्धमा कारबाही गरेको थियो ।

सो सेनाले हुथी विद्रोहीहरु रहेका स्थानहरुको पहिचान गरी उक्त मारिब प्रान्तमा गरेको हवाई कारबाहीमा परी मंगलबार १२ जनाको ज्यान गएको बताइएको छ । त्यसैगरी सो क्षेत्रमा हुथीहरुका कार्यालय रहेका स्थानाहरुलाई पनि सेनाले ध्वस्त बनाएको बताइएको छ ।

सोमबार मात्र पनि साउदी अरेबिया नेतृत्वको सैन्य समूहले गरेको कारबाहीका क्रममा कम्तीमा पनि ३० जना हुथी विद्रोहीहरुको ज्यान गएको बताइएको थियो । यमन सरकारको सेनाले मंगलबार दिएको जानकारीअनुसार उक्त प्रान्तमा ठूलो संख्यामा हुथी विद्रोहीहरु रहेको सूचनाको आधारमा सो आक्रमण गरेको थियो ।


## Birgunj Metropolitan City

### Office of Municipal Executive

**Birgunj, Parsa**

**NOTICE OF INVITATION FOR BIDS**

**First Date of Publication: 2078/06/07 (23rd September 2021)**

1. Birgunj Metropolitan City, Birgunj, Parsa invites electronic bids from eligible Nepalese bidders for the following goods/works:

| S.N. | Contract No. | Name of Contract | Cost Of Bid Document (NRs.) | Average Annual Construction Turnover | Work Experience of Similar Size and Nature | Bid Validity Period | Bid Security Amount (NRs.)/ Validity Period | Remarks |
|---|---|---|---|---|---|---|---|---|
| 1 | BMC/NCB/GOODS/SQ/2078/079/16 | Supply and Delivery of Motorcycle as per Technical Specification | 1,000.00 | N/A | N/A | 45 days | 36,000.00 / 75 days | Sealed Quotation |
| 2 | BMC/NCB/WORKS/2078/079/17 | Operation and maintenance of Integrated Solid waste management Center (ISWM center) | 10,000.00 | 4,20,00,000.00 | Minimum 1 (One) Landfill Operation/ Solid Waste Management Contract with value of 1,99,00,000.00 with 14,000.00 MT waste management | 120 days | 43,00,000.00 / 150 days | |
| | **Deadline for Bid Submission:** | | • 2078/06/24 (10th October 2021) for S.N. 1 till 12:00 Noon<br>• 2078/07/08 (25th October 2021) for S. N. 2 till 12:00 Noon | | | | | |
| | **Date, Time and Place of Bid Opening:** | | • 2078/06/24 (10th October 2021) 1:00 PM at Birgunj Metropolitan City, Birgunj, Parsa<br>• 2078/07/08 (25th October 2021) for S. N. 2 till 12:00 Noon | | | | | |
| | **Account Number for Bid Document Purchase:** | | Name of Bank: Nabil Bank, Birgunj<br>Name of Office: Birgunj Metropolitan City, Birgunj, Parsa<br>Office Account no.: 0506017500073 | | | | | |
| | **Account Number for Bid Security Deposit:** | | Account Name: Birgunj Metropolitan City<br>Bank Name: Rastriya Banijya Bank, Birgunj Branch<br>Account Number: 1250100303000002 | | | | | |

2. Eligible bidders may obtain further information and inspect the bidding document at Birgunj Metropolitan City, Birgunj, Parsa or may visit PPMO website **www.bolpatra.gov.np/egp.**
3. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
4. Bidders have to submit their bid electronically through e-GP system of PPMO website: **www.bolpatra.gov.np/egp** as specified in the Instructions to Bidders.
5. The office reserves right to accept or reject any or all bids without assigning reasons, whatsoever.

# बक्स अफिस समाचार



## एक दशकपछि फर्किइन् आशा

सानैदेखि केही बन्नलाई केही गर्नुपर्छ भन्ने मान्यता राख्दै आएकी नायिका आशा पौडेल एक दशकपछि पुनः पर्दामा छाउँदै छिन् । विभिन्न ऱ्याम्प शो, स्टेज कार्यक्रमहरुमा आफ्नो कुशल अभिनय तथा नृत्य प्रस्तुत गर्दै आइरहेकी नायिका आशा पौडेल विवाह बन्धनमा बाँधिएपछि झण्डै दश वर्ष घरपरिवारको काममा व्यस्त रहेकी थिइन् । यो बीचमा दिल्ली र मलेसिया बस्दै आइरहेकी नायिका पौडेल म्युजिक भिडियो सुटको लागि यतिबेला नेपाल आएकी छिन् ।

नायिका पौडेलले आधुनिक, लोक तथा गजल गरी तीन दर्जन बढी म्युजिक भिडियोमा आफ्नो अभिनयकला प्रस्तुत गरिसकेकी छिन् भने 'दाइको ससुराली', 'जिन्दगी' लगायतका चलचित्रमा नायिकाको रुपमा काम गरिसकेकी छिन् । त्यसैगरी 'जिवनचक्र', 'आम्मै', 'सिलसिला', 'हाफब्वाईल' आदि टेलीचलचित्रमा पनि उनको अभिनय देख्न सकिन्छ ।

वैवाहिक जीवनमा बाँधीएपछि कला क्षेत्रबाट केही समय टाढिएको भएपनि भविष्यमा चर्चित भन्दा पनि कुशल मोडल तथा नायिका बन्ने सोच लिएर पुनः यस क्षेत्रमा फर्किएको उनको भनाइ छ । कला क्षेत्र आफैंमा एउटा राम्रो र सम्भावना बोकेको क्षेत्र हो र एउटा कलाकारले राम्रो अवसर पाउने माध्यम हो । अभिनय र नृत्य विधामा राम्रा सम्भावना बोकेका कलाकारहरुले यसैको माध्यमबाट विभिन्न अवसरहरु पनि पाइरहेका हुन्छन् भने देश विदेशको यात्रा गर्दै संसारमा चर्चित हुने अवसर पनि जुटाइरहेका हुन्छन् । त्यसैले पनि होला युवा, युवतीहरु कला क्षेत्रमा बढी आकर्षित हुने गरेको पाइन्छ ।

वास्तवमा कलाकारतिमा एउटा रहरमात्र होइन, जहाँ गर्न सके नाम र दाम दुवै कमाउन सकिन्छ । त्यसैले पनि कलाकारितालाई धेरैले आफ्नो रुची र इच्छाको रुपमा लिने गरेको पाइन्छ । लामो समय कला क्षेत्रबाट टाढा रहनु परेको भएपनि आगामी दिनमा यसै क्षेत्रमा निरन्तर लागि रहने नायिका आशा पौडेलको सोच रहेको छ ।

## कर्म सही गर, फल प्राप्त हुनेछ : राजेश हमाल



**काठमाडौं/मस–** महानायक विवाद पुनः शुरु भएको छ । यसैसाता राजधानीमा आयोजित डाँडाको बरपीपल फिल्मको गीत रिलिज कार्यक्रममा शिव श्रेष्ठ र भुवन केसीले अभिनेत्री गौरी मल्ललाई महानायिकाको संज्ञा दिएपछि यो विषयले पुनः चर्चा पाएको हो ।

यो विषयलाई लिएर सामाजिक संजालमा करिश्मा मानन्धरका प्रशंसक र भुवन केसी पक्षधर फ्यानहरु बाझाबाझमा ओर्लिएका छन् । केही मिडिया र निजी संस्थाले राजेश हमाल र करिश्मा मानन्धरलाई कार्यक्रममार्फत महानायक र महानायिकाको उपाधि बाँडेका थिए ।

उक्त कार्यक्रममा भुवनले शिव श्रेष्ठलाई महानायक र गौरी मल्ललाई महानायिकाको उपाधि दिएका थिए । विवादमा पर्ने डरले गौरी मल्लले भने आफूलाई पदभन्दा दर्शकको माया ठूलो भएको जवाफ दिएकी थिइन् ।

महानायकको चर्चाबीच राजेश हमालले बुधबार फेसबुकमार्फत लेखेका छन्, 'कर्म सही गर, फल प्राप्त हुनेछ ।' महानायक विवादको टाइम एन्ड स्पेसलाई हेर्ने हो भने राजेश हमालको यो स्टेटस सोही विवादलाई लिएर लक्षित देखिन्छ ।

सुरुआतदेखि नै शिव श्रेष्ठ र भुवन केसीसँग महानायक विवादकै कारण राजेशको सम्बन्ध हार्दिक छैन । यस्तोमा, हमालको उक्त फेसबुक स्टेटस यही विवादतर्फ लक्षित भएको बुझ्न कठिन छैन । उनको यो डिप्लोमेटिक जवाफलाई लिएर अहिले फिल्मवृत्तमा चर्चा चलेको छ ।

## 'बेल बटम'ले कमायो ५० करोड

**काठमाडौं/एजेन्सी-** गत १९ अगस्टमा प्रदर्शन भएको अभिनेता अक्षय कुमार स्टारर फिल्म 'बेल बटम' ले सुरुवाती दिनमा बक्सअफिसमा अपेक्षाकृत व्यापार गर्न सकेको थिएन । तर, रिलिजको एक महिना पूरा हुँदै गर्दा फिल्मले ठूलो रेकर्ड आफ्नो नाम गरेको छ । कोभिडपछि सिनेमा हलमा प्रदर्शन भएका फिल्ममध्ये स्वदेश (भारत) मा सर्वाधिक कमाई गर्ने फिल्मको रेकर्ड 'बेल बटम' ले बनाएको हो ।



चार दिने विकेन्डमा १३ करोड २५ लाख कमाएको फिल्मले प्रदर्शनको एक महिनामा घरेलु बक्सअफिसमा ३० करोड छापेको छ । त्यस्तै, विदेशमा फिल्मले २० करोड कमाई गरेको भारतीय मिडियाले उल्लेख गरेका छन् । देश र विदेशको कमाई छाड्ने हो भने फिल्मले प्रदर्शनको एक महिनामा ५० करोड कमाउन सफल भएको छ । ४५ करोडमा बनेको फिल्मले लगानी उठाएको छ ।

यो फिल्मको छायांकन कोरोना महामारीको समयमा भएको थियो । अब ओटीटी प्लेटफर्म अमेजन प्राइम भिडियोमा रिलिज हुन लागेको फिल्मलाई रञ्जीत एम तिवारीले निर्देशन गरेका हुन् । फिल्ममा अक्षयका अलावा वाणी कपूर, हुमा कुरैशी, आदिल हुसेन र लारा दत्ताको पनि अभिनय रहेको छ । फिल्ममा लाराले भारतकी पूर्व प्रधानमन्त्री इन्दिरा गान्धीको भूमिका निर्वाह गरेकी छन् ।

## बिजेनको 'मरे पछि'



**काठमाडौं/मस–** कोभिड महामारीपछिको दोस्रो चरणको निषेधाज्ञामा ऱ्यापर बिजेन घरमा रमाउन सकेका थिएनन् । निषेधाज्ञाको फुर्सदको समयमा केही न केही काम गर्नुपर्छ भनेर उनले 'मरे पछि' बोलको गीत लेखे । त्यही गीतलाई उनले आफ्नो युट्युब च्यानलमार्फत सार्वजनिक गरेका छन् ।

'हस त नमस्ते', 'लोकल सोकल', 'गाउँकी नानी', 'लिम्बु हो कि नेवार' जस्ता गीतका गायक बिजेनले डेब्यू एलबम 'बिजेन'मा रहेको गीत 'मरे पछि' आफ्नै युट्युब च्यानलबाट सार्वजनिक गरेका हुन् ।

'दोस्रो लकडाउन पछि म रमाउन सकेको थिइनँ । त्यसकारण त्यो समयमा केही काम गर्नुपर्छ भनेर मैले बिहान ४ बजेर ३० मिनेटमा जाँदा यो गीत 'मरे पछि' लेखें', उनले भनेका छन् ।

बिजेनका अनुसार गीतले व्यक्ति र उसको वरपर रहेको सम्बन्धको बारेमा बोलेको छ । जीवनमा स्थायी केही नभएका कारण मानिसले अनुशासनमा रहेर खुशी जीवन बिताउन सक्नुपर्छ भन्ने सन्देश गीतले दिएको छ । पीभीइ नेटवर्कले व्यवस्थापन गरिरहेको बिजेनको यो एलबम सन् २०२१ भित्रै रिलिज गर्ने तयारी गरिएको छ । उनी एलबमको प्रवर्द्धनका लागि नेपाल टुरमा निस्कदैछन् ।


**खैरहनी नगरपालिका**
**नगरकार्यपालिकाको कार्यालय**
**खैरहनी, चितवन**
**बागमती प्रदेश, नेपाल**

**असिस्टेन्ट सब ईन्जिनियर र हलुका सवारी चालक पदमा सेवा करारमा लिने सम्बन्धि सूचना**

**(सूचना प्रकाशित मिति : २०७८/०६/०७)**
**विज्ञापन नं. ०१/२०७८/०७९**

खैरहनी नगरपालिकाको लागि असिस्टेन्ट सब ईन्जिनियर र हलुका सवारी चालक पदको रुपमा देहायको संख्या र योग्यता भएको कर्मचारीहरु सेवा करारमा राख्नु पर्ने भएकोले निम्नानुसारको योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समय भित्र (दरखास्त दिने अन्तिम मिति सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट) सम्म राजश्व तिरेको रसिद सहित दरखास्त दिन हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । यसको दरखास्त फारम कार्यालयको वेवसाइट www.khairahanimun.gov.np बाट उपलब्ध हुनेछ ।

१. **आवश्यक पद तथा संख्या : असिस्टेन्ट सब ईन्जिनियर - २ (दुई) र हलुका सवारी चालक - १ (एक)**
२. **शैक्षिक योग्यता र अनुभव : (क) असिस्टेन्ट सब ईन्जिनियरको हकमा :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ विषयमा टि. एस. एल. सी./१५महिने सिभिल इन्जिनियरिङ कोर्ष गरेको वा सो सरह उत्तीर्ण गरेको हुनुपर्नेछ । **(ख) हलुका सवारी चालकको हकमा :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. उत्तीर्ण गरेको हुनुपर्नेछ ।
३. **दरखास्तमा संलग्न गर्नुपर्ने :** उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रतिलिपि, नेपालि नागरिकताको प्रमाणपत्र प्रतिलिपि, कार्य अनुभव हासिल गरेको भए सो सम्बन्धि विवरणको प्रमाणित प्रतिलिपि संलग्न हुनु पर्नेछ । पेश गरेको सबै प्रतिलिपिको पछाडी उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्ने । ह.स.चा. को हकमा हलुका सवारी चालक अनुमति पत्र पेश गर्नुपर्नेछ ।
४. **सेवाको किसिम :** सेवा करार
५. **दरखास्त दस्तुर :** अ.स.ई. को हकमा रू. ४०० ।- र ह.स.चा. को हकमा रू. ३००
६. **पारिश्रमिक :** नेपाल सरकारले तोकेको नियम अनुसार ।
७. **उमेर :** अ.स.ई. को हकमा २१ वर्ष उमेर पुरा गरी पुरुषको हकमा ३५ वर्ष ननाघेको, अपांग र महिलाको हकमा ४० वर्ष ननाघेको हुनुपर्नेछ । ह.स.चा. को हकमा २१ वर्ष उमेर पुरा गरी ३५ वर्ष ननाघेको हुनुपर्नेछ ।
८. **परीक्षाको किसिम :** अ.स.ई. को हकमा सक्षिप्त सुची र अन्तरवार्ता, ह.स.चा. को हकमा सक्षिप्त सुची, प्रयोगात्मक परीक्षा र अन्तर्वार्ता ।
९. **पुनश्च :** अनुभवीलाई विशेष ग्राह्यता दिईनेछ ।

# प्रशिक्षक प्रशिक्षणका लागि बागमती खेलकुदको अग्रसरता

**मध्यान्ह संवाददाता**
काठमाडौं, ६ असोज

बागमती प्रदेश खेलकुद विकास परिषद्ले विभिन्न ४ खेलको प्रशिक्षक प्रशिक्षण कार्यक्रमका लागि सहयोग गर्ने भएको छ। ब्याडमिन्टन, एथलेटिक्स, रग्बी र आईटीएफ तेक्वान्दोको प्रशिक्षक प्रशिक्षण सञ्चालन गर्न परिषद्ले सहयोग गर्ने भएको हो।

सो सम्बन्धी सम्झौता पत्रम परिषद् र सम्बन्धित खेलका राष्ट्रिय संघबीच बुधबार हस्ताक्षर भयो।

परिषद्का सदस्य-सचिव सूर्यलाल भण्डारी, ब्याडमिन्टन संघका अध्यक्ष रामजीबहादुर श्रेष्ठ, एथलेटिक्सका मुख्य प्रशिक्षक चन्द्र गुरुङ, रग्बी संघका अध्यक्ष टंकलाल घिसिङ र आईटीएफका अध्यक्ष अञ्जन धमलाले सम्झौता पत्रमा हस्ताक्षर गरे।

ब्याडमिन्टनको कात्तिक ५ देखि ६ गतेसम्म तथा एथलेटिक्सको असोज ९ देखि १३ गतेसम्म काठमाडौंमा प्रशिक्षण हुने छ। चितवनमा असोज १९ र २० गते रग्बी तथा रामेछापमा असोज १६ र १७ गते रामेछापमा प्रशिक्षण हुने भएको छ। चारै खेलको प्रशिक्षणका लागि परिषद्ले २० लाख रुपैयाँ बजेट विनियोजन गरेको छ।



सदस्य-सचिव भण्डारीले दक्ष खेलाडी उत्पादन गर्न दक्ष जनशक्ति आवश्यक हुने भएकाले प्रशिक्षण कार्यक्रममा जोड दिइएको बताउदै प्रतियोगिता र पूर्वाधारसंगै प्रशिक्षकको स्तरबृद्धिमा पनि उत्तिकै ध्यान दिनु पर्ने आवश्यकता औंल्याए। उनले आगामी दिनमा आवश्यकता अनुसार कार्यक्रमलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गर्दै राष्ट्रिय खेल संघलाई जिम्मेवार बनाउन संघसंग सहकार्य गरेर कार्यक्रम आयोजना गरिएको बताए।

रग्बी अध्यक्ष घिसिङले प्रशिक्षक उत्पादनका साथै उनीहरुको स्तरबृद्धि गर्न कार्यक्रम महत्वपूर्ण साबित हुने विश्वास व्यक्त गर्दै सहकार्यका लागि परिषद्लाई धन्यवाद दिए। कार्यक्रममा राष्ट्रिय खेलकुद परिषद्का सदस्य सुभाष श्रेष्ठलगायतको उपस्थिति रहेको थियो।

# राष्ट्रिय फुटसल लिगमा राईजिङ धरान र शंखमूल अपराजित



**पोखरा, मस–** पोखरामा जारी ए डिभिजन राष्ट्रिय फुटसल लिग प्रतियोगितामा 'द राईजिङ क्लब धरान'ले अपराजित यात्रा कायमै राखेको छ। लगातार तीन खेलमा विजयी भएको राईजिङ क्लब ९ अंकसहित शीर्ष स्थानमा रहेको छ। उता झरना स्पोर्टस क्बल भने लगातार तेस्रो खेलमा पराजय भोग्न बाध्य बन्यो। पोखरामा रहेको बहुउद्देश्यिक कर्भडहलमा भएको खेलमा राईजिङले झरना स्पोर्टस क्लबलाई ५-३ गोल अन्तरले पराजित गरेको हो। राईजिङका लागि मिलन राईले २ गोल गर्दा रेवस मास्के, विकु तामाङ र मिलन लिम्बूले एक एक गोल गरेको थिए। झरनाका लागि मोहनबहादुर थापामगर, ओमप्रकाश थापा र विवेक थापाले एक एक गोल फर्काए पनि हार टार्न पर्याप्त बनेन्।

राईजिङका लागि मिलन राईले नवौं मिनेटमा गोल गर्दै शुरुआती अग्रता दिलाएका थिए। ११ औं मिनेटमा झरनाका मोहनले गोल गर्दै खेल बराबरीमा ल्याएका थिए। पहिलो हाफ दुवै टिमले एक एक गोलको बराबरी खेलेका थिए। २२ औं मिनेटमा रेवस मास्केले गोल गरेपछि राईजिङले अग्रता २-१ बनाएको थियो। २६ औं मिनेटमा बिकु तामाङले राईजिङका लागि तेस्रो गोल गरेका थिए। २७ औं मिनेटमा ओमप्रकाश थापाले झरनाका लागि गोल गर्दै अग्रता ३-२ मा ल्याए।

२८ औं र २९ औं मिनेटमा राईजिङले लगातार २ गोल थपेको थियो। उसका लागि मिलन लिम्बूले चौथो गोल गरेका थिए। लगत्तै मिलन राईले टिमका लागि पाँचौं तथा व्यक्तिगत दोस्रो गोल गरेपछि राईजिङ ५-२ ले अघि बढेको थियो। ३५ औं मिनेटमा विवेक थापाले झरनाका लागि गोल गर्दै अन्तर ५-३ मा ल्याए पनि हार टार्न पर्याप्त बनेन्। बुधबार नै भएको अर्को खेलमा शंखमूल फुटसल क्लबले पहिलो पटक ३ अंक जोडेको छ। जारी लिगमा अपराजित रहेको शंखमूल तालिकाको दोस्रो स्थानमा पनि उक्लिएको छ। उसले ३ खेलबाट ५ अंक बनाएको छ।


**Free Visa ! Free Ticket ! Free Recruitment !**
**(Zero Cost) सहित QATAR मा वैदेशिक रोजगारको अवसर**

कम्पनी : FACILITIES MANAGEMENT & MAINTENANCE — शहर : Qatar
पूर्व स्वीकृत मिति: २०७८/०३/१७ — चलानी नं.: ६०१५९५६२ — LT. No.: 241773 — पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Clean Worker | 197 | 84 | स. काममा दक्ष | 1000 | ३२,२७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०७८ असोज १४ गते (30 September 2021) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

श्रम इजाजत पत्र नं.: ५७२/०६२/०६३

**साउन्डलाईन्स रिक्रुटमेण्ट प्रा.लि.**
पो.ब.नं. २४७८०, ताच्चिखेल-१४, महालक्ष्मीस्थान चोक (लुम्बीनी बैंक पछाडी), ललितपुर
फोन: ०१-५१९३२३६, ५१९३२३७, ५१९३२३८, ५१९३२३९
E-mail : nepal@soundlinesgroup.com
Company Hotline Number QATAR : +974- 5005 1121


# नेपाली महिला क्रिकेट टोलीले इटहरीमा प्रशिक्षण गर्ने



**तेजबहादुर बन/मध्यान्ह**
इटहरी, ६ असोज

आईसीसी महिला टी-२० विश्वकप २०२२ का लागि एसिया क्षेत्रको छनोट खेल्न लागेको नेपाली महिला क्रिकेट टोलीले सुनसरीको इटहरीमा प्रशिक्षण गर्ने भएको छ।

इटहरीमा बुधबार आयोजित पत्रकार सम्मेलनमा महिला टिमका प्रशिक्षक जगत टमटाले बिहीबार देखि एक सातासम्म इटहरीस्थित क्षेत्रीय रंगशालाको इन्डोर हल र मैदानमा प्रशिक्षण गराइने जानकारी दिए। छनोट खेलका लागि नेपाल क्रिकेट संघ क्यानले नेपाली महिला खेलाडीहरुलाई सानो सानो समूहमा प्रशिक्षण सुरु गरेको हो।

पहिलो पटक क्यानले पहिलो चरणमा देशका प्रमुख तीन स्थानमा खेलाडीलाई प्रशिक्षणमा राख्ने योजना अनुसार भदौ २७ देखि असोज २ गते कञ्चनपुरको महेन्द्रनगरमा प्रशिक्षण गरेको थियो।

इटहरीको प्रशिक्षण सकिएपछि फाइनल चरणको प्रशिक्षण भने काठमाडौंमा गराउने प्रशिक्षक टमटाले जानकारी दिए। क्यानले एक महिनाअघि नै एसीया क्षेत्रको छनोट खेल्ने प्रारम्भिक नेपाली महिला क्रिकेट टोलिको नाम सार्वजनिक गरेको थियो।

गतवर्ष सम्पन्न प्रधानमन्त्रीकप र मेयर्सकप क्रिकेट प्रतियोगितामा महिला खेलाडीले गरेको प्रदर्शनका आधारमा क्यानको छनोट समितिले २४ सदस्यीय प्रारम्भिक टोली सार्वजनिक गरेको थियो। प्रशिक्षणमा प्रदेश दुईका ३ जना सहित झापा, मोरंग, र ईलामका गरी ११ जना खेलाडी सहभागी हुने कार्यक्रम संयोजक बिप्लव घोषले जानकारी दिए। मलेसियामा हुने भनिएको महिला टी २० विश्वकपको एशिया छनोट २३ नोभेम्बरबाट २८ नोभेम्बरसम्म हुने बताइएको छ। जसमा नेपालसहित भुटान, चीन, कुवेत, मलेसिया, म्यानमार, यूएई र हङकङ खेल्नेछन्। एसिया छनोटको विजेता र पाँच क्षेत्रबीच हुने ग्लोबल छनोटमा प्रतिस्पर्धा गर्नेछन्। ग्लोबल छनोटबाट शीर्ष दुई टोलीले ट्वान्टी-२० विश्वकपमा स्थान बनाउनेछन्।

# राष्ट्रिय केन्पोको तयारी पूरा




**काठमाडौं, मस–** नेपाल केन्पो खुकुरी मार्सल आर्ट्स संघको आयोजनामा हुने राष्ट्रिय केन्पो खुकुरी मार्सल आर्ट्स च्याम्पियनसिपको तयारी पूरा भएको छ।

त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद्को कभर्डहलमा शुक्रबारदेखि हुने प्रतियोगिताको तयारी पूरा भएको बुधबार आयोजित पत्रकार सम्मेलनमा आयोजक संघका अध्यक्ष पूर्णप्रसाद पाण्डेले जनाएका छन्।

प्रतियोगितामा सातै प्रदेशबाट करिब १ सय खेलाडीको सहभागिता रहने बताइएको छ। विभिन्न ४ विधामा प्रतिस्पर्धा हुने छ। फुल केन्पो, सेमि केन्पो, सेल्फ डिफेन्स र खुकुरी काताअन्तर्गत विभिन्न स्पर्धामा खेल खेलाइने छ।

फुल र सेमि केन्पोअन्तर्गत विभिन्न तौलसमूहमा खेल खेलाइने छ। सेल्फ डिसेन्सतर्फ प्रदर्शनी खेल मात्र हुने छ। सहभागीको खाना र बसोवासको प्रबन्ध संघले व्यवस्था गरेको आयोजकले जनाएको छ।

# भलिबल लाइभ खेलपाटीबाट

**काठमाडौं, मस–** छैटौं संस्करणको एनभीए महिला तथा पुरुष क्लब भलिबल च्याम्पियनसिपको प्रत्यक्ष प्रशारण खेलपाटीले गर्ने भएको छ। नेपाल भलिबल संघले प्रतियोगिताको प्रत्यक्ष प्रशारणका लागि आह्वान गरेको खुल्ला प्रतिस्पर्धामा छनोट भएर खेलपाटीले प्रत्यक्ष प्रशारण अधिकार प्राप्त गरेको हो।

बुधबार भलिबल संघकी उपाध्यक्ष निरोज मास्के र खेलपाटीका तर्फबाट आशिष पौडेलले प्रत्यक्ष प्रशारण सम्बन्धि सम्झौता पत्रमा हस्ताक्षर गरे। सम्झौता अनुसार एनभीए क्लब च्याम्पियनसिप अन्तर्गतको सम्पुर्ण खेलहरुको प्रत्यक्ष प्रशारणको अधिकार खेलपाटीले प्राप्त गरेको छ। संघकी उपाध्यक्ष निरोज मास्केले भलिबल खेलको प्रत्यक्ष प्रशारण अधिकार बिक्री हुनु खुसीको विषय भएको बताईन्।

उनले भलिबल खेललाई थप व्यवसायीक बनाउने अभियानमा यसले एउटा कोशेढुङ्गाको काम गर्ने बताईन्। खेलपाटीका प्रबन्ध निर्देशक आशिष पौडेलले भलिबलसंग जोडिएर काम गर्न पाएकोमा खुसी व्यक्त गरे। राष्ट्रिय स्तरको क्लब च्याम्पियनसिपको प्रत्यक्ष प्रशारणले भलिबलको प्रबर्द्धन र विकासमा थप टेवा पुग्ने धारणा राखे। नेपाल भलिबल संघको आयोजनामा सञ्चालन हुन लागेको प्रतियोगिता असोज १० देखि १६ गतेसम्म सञ्चालन हुदैछ। राखेपको कभर्डहलमा सञ्चालन हुने प्रतियोगितामा देशभर उत्कृष्ट क्लब सहभागी बन्दैछन्।


**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७४/०४/०९ मा दर्ता भएको **प्रा.लि. नं. १७१५५७ को मैरोट्स ग्रुप प्रा.लि.** को मिति २०७८/०५/२२ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरीएको छ।
लिक्विडेटर: शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७,
ठेगाना : बबरमहल, काठमाडौं, फोन नं. ९८४१३४०४०३
ईमेल : rokayasherbahadur723@gmail.com

**मोटरसाइकल हराएको सूचना**

मिति २०७८/०६/०६ गते बेलुकीको ७:०० बजेको समयमा आरुबारी, सिमलटार मार्ग आफ्नै घर बाहिरको बाटोमा पार्किङ्ग गरि राखेको बा.प्र. ०१५ प ६१६४ नम्बरको रातो–कालो रंगको बजाज कम्पनीको २२० सिसि को पल्सर मोटरसाइकल हराएको हुँदा पाउनुहुने वा देख्नु हुने महानुभावहरुले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सर्म्पक गरिदिनु हुन विनम्र अनुरोध गर्दछु।
सवारी धनी: महेन्द्र के.सी.
च्यासिस नं: MD2A13EY8KCH95931
इन्जिन नं: DKYCKH57213
सम्पर्क: 9849091977

**लम्कीचुहा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**भल्का, कैलाली**
**सुदुरपश्चिम प्रदेश, नेपाल**

**प्राविधिक प्रस्ताव स्वीकृत तथा आर्थिक प्रस्ताव खोल्ने आशयको सूचना**

**प्रथम पटक सूचना प्रकाशित मिति :– २०७८/०६/०७**

यस कार्यालय बाट मिति २०७८/०४/२२ गतेको हिमालय टाईम्स पत्रिकामा प्रथम पटक प्रकाशित बिद्युतिय बोलपत्र आव्हानको सूचना अनुसार निम्न कार्यका लागि रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरुको प्राविधिक मुल्यांकन गर्दा तपसिल बमोजिमका बोलपत्रहरु सारभूत रुपमा प्रभावग्राही देखिन आएकोले स्वीकृतिको लागि मुल्यांकन समितिबाट सिफारिस भई आएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ को (ड) उपनियम (५) बमोजिम तपशिलको स्थान, मिति र समयमा आर्थिक प्रस्ताव खोल्ने गरि प्राविधिक प्रस्ताव स्वीकृतको लागि छनौट भएको सूचना सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिलः**

| ठेक्का नं. | कामको विवरण | फर्मको नाम | बोलपत्र खोलिने मिति समय र स्थान |
|---|---|---|---|
| 01/LCM/NCB/WORKS/1S2E/2078/079 | Balchaur ma Badi Basti Surakshit Aawas Nirman | BKOI BUILDERS-M.P. CONSTRUCTION JV | २०७८/०६/१४ दिउसो २:०० बजे लम्किचुहा नगर पालिकाको कार्यालय भल्का-०२, कैलाली |
| | | Dhulikhel Nirman Sewa | |
| | | Gorakha-YR-Kinara JV | |
| | | Khadka Krishna Construction pvt. Ltd | |
| | | M.B.- NIRAJAN JV | |
| | | M.K.-J.B. JV | |
| | | Majdur Construction Pvt.Ltd. | |
| | | Royal-Udaya Sagar JV | |
| | | Shanidev Nirman Sewa Pvt. Ltd. | |
| | | SKY-K.D.N JV | |
| | | Uchchakoti Nirman Sewa Pvt. Ltd. | |

**नि. प्रमुख प्रशासकीय अधिकृत**

**ललितपुर महानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**पुल्चोक, ललितपुर**
**बागमती प्रदेश, नेपाल**
**खरिद इकाई**

**सवारी साधन खरिद गर्ने सम्बन्धमा**

**प्रकाशित मिति : २०७८/०६/०७, सूचना नं. १/०७८/०७९**

यस महानगरपालिका कार्यालयको लागि आवश्यक १ थान सवारी साधन सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ को उपदफा १ (क) (८) तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ख) बमोजिम उत्पादक कम्पनी वा बिक्रेताहरु बिच मात्र प्रतिश्पर्धा गराउने (क्याटलग सपिङ्ग) विधिबाट खरिद गर्नुपर्ने भएकोले सवारी साधन बिक्री गर्न चाहने उत्पादक वा आधिकारिक बिक्रेताले आ-आफ्नो उत्पादनको आधिकारिक स्पेसिफिकेशन, गुणस्तर मूल्य र छुट तथा सुविधा सहितको विवरण खुलाई क्याटलग वा ब्रोसर संलग्न राखी शिलबन्दी गरी सूचना प्रकाशित भएको मितिले ७ औं (सातौं) दिन दिनको २:०० बजे भित्रमा यस कार्यालयमा निवेदन दर्ता गर्नु हुन र सोही दिन दिनको ३:०० बजे नियमानुसार दर्ता भएका निवेदनहरु खोलिने (निवेदन दर्ता गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट) हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। थप जानकारीका लागि यस कार्यालयको जिन्सी व्यवस्थापन केन्द्रमा सम्पर्क गर्न सकिनेछ।



**व्यावसायिक कालिज पालन**

म्याग्दीको बेनी नगरपालिका-२ फापरखेत स्थित रञ्जिला कृषि तथा पशुपक्षी फार्ममा नवीन घिमिरेले व्यवसायिक रुपमा गरेको कालिजपालन । २० लाख रुपैयाँ लगानीमा गत वैशाखमा स्थापना भएको फार्ममा ६०० वटा रिङ्नेट जातका कलिज छन् । तस्विर : सन्तोष गौतम/रासस

## शेयर बजारमा उछाल नेप्से १०४ अंकले बढ्यो



**काठमाडौं/मस–** शेयर बजारमा बुधबार परिसूचक नेप्से बढेको छ। नेप्से १ सय ४.८८ अंकले बढेर २ हजार ८ सय १६.९५ विन्दुमा पुगेको छ। सेन्सेटिभ परिसूचक पनि १९.४७ अंकले बढेर ५ सय २८.१० विन्दुमा बन्द भएको छ। नेप्से परिसूचकमा हरियाली छाउँदा कारोबार रकममा भने खसै बृद्धि हुन सकेन। दिनभर ६ अर्ब १७ करोड ९३ लाख १ सय ५७ रुपैयाँ बराबरको १ करोड २१ लख २२ हजार २ सय ९८ कित्ता शेयर खरिदविक्री भएको छ।

कारोबारमा आएका सबै समूह बढेका छन्। फाइनान्स समूह सर्वाधिक ८.५४ प्रतिशतले बढेको छ। त्यसपछि विकास बैंक ७.७४ प्रतिशत, जलविद्युत ५.५७ प्रतिशत, व्यापार ४.३३ प्रतिशत, होटल तथा पर्यटन ४.१९ प्रतिशत, लगानी ४.१४ प्रतिशत, निर्जीवन बीमा ३.६४ प्रतिशत, जीवन बीमा ३.६३ प्रतिशत, लघुवित्त ३.३२ प्रतिशत, बैंकिङ ३.२८ प्रतिशत र उत्पादन तथा प्रशोधन २.८० प्रतिशतले बढेको छ।

नेप्सेमा उत्साहजन बृद्धि हुँदा १३ कम्पनीका शेयरधनीले १० प्रतिशतले कमाएका छन्। त्यसबाहेक १२ कम्पनीका शेयरधनीले ९ प्रतिशत भन्दा बढीले कमाएका छन्। गुमाउनेमा विभिन्न चारवटा ऋणपत्रका इकाईधनिहरु रहेका छन्।

## मेगा बैंकले साना किसान र व्यवसायीलाई सहुलियत कर्जा दिने



**काठमाडौं/मस–** मेगा बैंक नेपाल लिमिटेडले साना कृषक तथा उद्यमीहरुको कृषि तथा उद्यम व्यवसायलाई प्रबर्द्धन गर्ने उद्देश्यले भोजपुर नगरपालिकासँग सम्झौता गरेको छ। सम्झौता अनुसा बैंकले साना किसान र व्यवसायीहरुलाई सहुलियत कर्जा उपलब्ध गराउने छ।

सम्झौता पत्रमा मेगा बैंकका माइक्रो फाइनान्सिङ विभागका प्रमुख पुण्यप्रसाद खनियाँ र भोजपुर नगरपालिका मेयर कैलाश आलेले हस्ताक्षर गरेका छन्। हस्ताक्षर कार्यक्रममा बोल्दै बैंकका विभागीय प्रमुख खनियाँले कृषकहरुलाई आधुनिक ढङ्गले कृषि कार्यलाई व्यवसायीकरण गर्न बैंकको शाखा कार्यालय मार्फत छिटो छरितो ढङ्गले प्राथमिकताका साथ कर्जा दिने प्रतिबद्धता व्यक्त गरेका छन्।

भोजपुर नगरपालिकाका मेयर आलेले मेगा बैंकसँगको सम्झौतापश्चात नगरपालिका भित्र रहेका साना किसान तथा उद्यम व्यवसायीहरुले सहुलियत ब्याजदरमा कर्जा लिई आफ्ना व्यवसायलाई बृद्धि गरी उत्पादकत्व बढाउन सहयोग पुग्ने विश्वास व्यक्त गरेका छन्।

बैंकले नगरपालिकाका किसानहरुलाई कृषि उत्पादनमा आवश्यक कर्जा लगानी गर्नको लागि नेपाल राष्ट्र बैंकको सहुलियतपूर्ण ब्याज अनुदान कर्जा निर्देशिका र बैंकको सहुलियतपूर्ण ब्याज अनुदान कर्जा कार्यविधि अनुसार सहुलियतपूर्ण व्यवसायिक कृषि तथा पशुपालन कर्जा प्रदान गर्नेछ।

यस्तै बैंकले कृषकहरुलाई मेगा किसान कार्ड समेत उपलब्ध गराउने भएको छ। उक्त कार्डमार्फत कृषकहरुले आफुलाई आवश्यक परेको कृषि सामग्रीहरु, बीऊ, मल, किटनाशक औषधी लगायतका सामानहरु नजिकको पसलबाट खरिद गर्न सक्नेछन्।

मेगा किसान कार्ड मेगा बैंकले कृषकहरुलाई जारी गरेको पहिलो आधुनिक बैंकिङ सेवा हो, जसले किसानहरुलाई कृषि कर्जाको सदुपयोग गर्दै बैंकिङ कारोबार सहज र सरल तरिकाले गर्न सहयोग हुने बैंकको विश्वास छ।

## सिटिजन्स बैंक र बन्दीपुर माउन्टेन रिसोर्टबीच सम्झौता



**काठमाडौं/मस–** सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र तनहुँको बन्दीपुरस्थित बन्दीपुर माउन्टेन रिसोर्टबीच सहकार्य गर्ने सम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भएको छ। सम्झौता पश्चात सिटिजन्स बैंकका डेबिट/क्रेडिट कार्ड वाहक तथा कर्मचारीहरुले बन्दीपुर माउन्टेन रिसोर्टको विभिन्न सेवाहरुमा विशेष छुट पाउनेछन्।

हालसम्म बैंकको डेबिट कार्ड नभएका ग्राहकहरुको लागी समेत घरमै बसी निःशुल्क मोबाइल बैंकिङमार्फत डेबिट कार्डको लागी आवेदन दर्ता गर्न सक्ने व्यवस्था मिलाएको छ।

मोबाइल बैंकिङमार्फत खानेपानी, विजुली तथा इन्टर नेटको बिल भुक्तानी, प्रिपेड तथा पोष्टपेड मोबाइल बिल भुक्तानी र मुद्दती खाताको आवेदन दिन सक्ने लगायतका व्यवस्था गरेको बैंकले जनाएको छ।

बैंकले देशैभरी फैलिएका आफ्ना १८३ वटा शाखा, ११७ वटा एटीएम र १११ वटा शाखा रहित बैंकिङ इकाईहरुबाट करिव १२ लाख ग्राहकलाई आधुनिक बैंकिङ सेवाहरु प्रदान गर्दै आएको छ।

के तपाईंको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
हाम्रासेवा तथा सुविधाहरु
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको वार्षिक सर्भिस ।

नुम्स कम्प्युटर्स प्रा.लि.
मो.: ९८४१५६५७२४, ९८०८४५७००२, ९८४१५६५७२५

नेपालको सन्दर्भमा एडीबीको प्रक्षेपण

## सरकारको लक्ष्यभन्दा झण्डै आधा कमले आर्थिक वृद्धि



**चिरन भट्टराई/मध्यान्ह**
काठमाडौं, ६ असोज।

एशियाली विकास बैंक (एडीबी)ले चालु आर्थिक वर्ष २०७८/७९ (सन् २०२२) मा नेपालको आर्थिक वृद्धिदर ४.१ प्रतिशत हुने प्रक्षेपण गरेको छ। एडीबीले बुधबार एक प्रतिवेदन सार्वजनिक गर्दै यस्तो प्रक्षेपण गरेको हो।

बैंकले सन् २०२१ मा सन् २०२२ का लागि गरेको प्रक्षेपणमा नेपालको आर्थिक वृद्धिदर २.३ प्रतिशत हुने अनुमान गरेको थियो। तर त्यसलाई सच्याउँदै एडीबीले सन् २०२२ मा ४.१ प्रतिशतले अर्थतन्त्र बढ्ने अनुमान गरेको हो।

बैंकको प्रमुख प्रकाशन 'एशियाली विकास परिदृश्य' लाई अद्यावधिक गर्दै एडीबीले नेपालको अर्थतन्त्रमा सामान्य वृद्धि हुने अनुमान गरेको हो। सरकारले बजेटमार्फत ७ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्ने लक्ष्य लिएको छ। तर एडीबीले प्रक्षेपण गरेको वृद्धिदर सरकारले गरेकोभन्दा झण्डै आधा रहेको छ।

कोभिड-१९ को घट्दो प्रभावले चालु आर्थिक वर्ष शुरु भएयता आर्थिक गतिविधिमा सुधार आएको र यही अवस्था रहेमा आर्थिक वृद्धिदरमा सुधार हुने अपेक्षा पनि एडीबीले गरेको छ।

यस बाहेक यसवर्ष वर्षा राम्रो भएको र यसले धान उत्पादन बढाउने प्रक्षेपण पनि एडीबीको छ। कृषि उत्पादनमा भएको बृद्धिले कुल गार्हस्थ उत्पादनको आकार बढ्ने भएकाले अर्थतन्त्रका सूचकहरुमा सकारात्मक असर पर्दछ। धानबालीको उत्पादन बढ्ने मात्रै नभई निर्यातको आकार बढ्दै गएको र घरेलु उत्पादनसमेत बढेको अवस्था रहेकोले आर्थिक वृद्धिदर गत वर्षभन्दा बढी हुने अनुमान गरेको हो।

खुद्रा व्यापार, यातायात र वित्तीय सेवामा बढ्दै गएको क्रियाकलापले पनि आर्थिक वृद्धिमा सघाउ पुऱ्याउने विश्वास एडीबीको छ। यसबाहेक राष्ट्रिय खोप अभियानले संक्रमण घटाउने विश्लेषणका आधारमा सङ्कुचित अर्थतन्त्रमा सुधार आउने अनुमान गरिएको हो।

खुद्रा व्यापार, यातायात र वित्तीय सेवामा बढ्दै गएको क्रियाकलापले पनि आर्थिक वृद्धिमा सघाउ पुऱ्याउने विश्वास एडीबीको छ। तर पर्यटन व्यवसायलगायतका सेवा क्षेत्रहरु अझै पनि चलायमान हुन नसक्नुले सरकारले सोंचेअनुसारको आर्थिक वृद्धिदर प्राप्त हुन नसक्ने देखिएको प्रतिवेदनमा उल्लेख गरेको छ। यद्दपी यो वर्ष पर्यटन क्षेत्रमा पनि सुधार हुने अपेक्षा गरेको छ।

पेट्रोलियम पदार्थको उच्च मूल्यका कारण मुद्रास्फीति भने ५.२ प्रतिशत रहने प्रक्षेपण गरिएको छ। यसअघि त्यो ३.६ प्रतिशतमा सीमित रहने अनुमान गरिएको थियो।

जलविद्युत उत्पादनमा वृद्धि भएसँगै पेट्रोलियम पदार्थको आपूर्ति पनि घट्ने र त्यसले भुक्तानी सन्तुलनमा कम चाप पर्नेछ। विप्रेषण आय र निर्यातमा वृद्धि भए पनि चालु खाता घाटा उच्च रहने प्रतिवेदनमा उल्लेख छ।

अनिश्चित मनसून र बाढी जस्ता प्राकृतिक खतराहरु रहेको र यसले कृषि उत्पादन तथा पूर्वाधारलाई क्षति पुऱ्याउन सक्ने प्रतिवेदनमा उल्लेख छ। लगानी योजना, वित्तीय व्यवस्थापन, परियोजना तयारी, खरिद र ठेक्का व्यवस्थापन तर्फ सरकारको ध्यान गए सरकारी खर्च बढ्ने र यसले अर्थतन्त्रलाई थप चलायमान बनाउने प्रतिवेदनमा उल्लेख छ।

केराबारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
केराबारी, मोरङ
प्रदेश नं. १, नेपाल

कारोना भाइरसको दोस्रो लहरलाई कसरी रोकथाम गर्ने ?

जनहितमा जारी सन्देश

कोरोना भाइरस संक्रमित व्यक्तिले खोक्दा, हाच्छिउँ गर्दा मुख र नाकबाट निस्किएको पानीका स-साना थोपा तपाईका आँखा, नाक र मुखमा पुगेपछि फैलन्छ । बिरामीबाट निस्किएको र्‍याल टाँसिएको ढोकाका चुकुल, कलम, भऱ्याङजस्ता वस्तु छुँदा र हात मिलाउँदा पनि भाइरस फैलन सक्छ ।

सामान्य लक्षण
रुघा लाग्नु शरीर दुख्नु
घाटी दुख्नु
सास फेर्न अप्ठेरो हुनु
शुक्खा खोकी लाग्नु
ज्वरो आउनु

रोकथामका उपायहरु
मास्कको प्रयोग गर्ने: खोकी लाग्दा डिस्पोज गर्न मिल्ने खालको टिस्यु पेपर वा मास्क प्रयोग गर्नुहोस र तत्काल डस्टबिनमा फ्याँक्नुहोस । एउटै मास्क एक दिन भन्दा बढी प्रयोग नगर्नुहोस ।
व्यक्तिगत सामान नबाँड्ने: कलम, माउस र डिजिटल उपकरण जस्ता अरुका व्यक्तिगत सामान प्रयोग नगर्नुहोस् ।
आफ्नो अनुहार नछुने: आफ्नै आँखा, कान र नाक नछुनुहोस । किनभने यहीँ बाट तपाईको शरीरमा भाइरस प्रवेश गर्न सक्छ ।
सामाजिक दूरी कायम गर्ने : सम्भव भएसम्म धेरै मानिस भेला हुने सभा सम्मेलनमा नजानुहोस् । किनभने त्यस्ता ठाउँमा बिरामी छ र कसलाई संक्रमण छ भन्ने तपाईलाई थाहा हुँदैन ।
राम्ररी हात धुने : शंकास्पद दूषित सतह छोएपछि साबुन पानीले राम्ररी हात धुने वा स्यानिटाइजर प्रयोग गर्ने ।
स्वास्थ्य सल्लाह लिन नहिच्किचाउने: बिरामी हुने बितिकै स्वास्थ्य सल्लाह लिनु राम्रो हुन्छ । भाइरसका लक्षण देखिए तत्काल चिकित्सकलाई देखाउनुहोस ।

आफ्नो मानसिक स्वास्थ्यलाई सबल राख्नुहोस
फुर्तिलो रहनुहोस : आफ्नो दिमाग र शरीरलाई हल्का व्यायाम, योग वा ध्यानजस्ता गतिविधिहरुमा संलग्न गराउनुहोस । आवश्यक परेमा विज्ञहरुको सहयोग लिन नहिच्किचाउनुहोस ।
फुर्तिलो रहनुहोस : कोभिड-१९ महामारीको अवस्था सबैका लागि तनावपूर्ण समय हो । च्याट वा भिडियो कलजस्ता प्रविधिको सदुपयोग गरी आफ्ना प्रियजनहरुसंग सम्पर्कमा रहनुहोस ।
मिथ्या र गलत समाचारबाट पन्छिनुहोस : सबैले मिथ्या र वास्तविक समाचारबीच भिन्नता बुझ्न जरुरी छ । तपाईले सामाजिक सञ्जालमा पढ्ने सबै सामग्री सत्य हुदैनन् । सकेसम्म सामाजिक सञ्जालमा बिताउने समय सीमित गर्नुहोस ।

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः बागबजार, काठमाडौं, फोनः ४२२६३६६, ४२२८२९८ ई-मेलः madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन) मुद्रकः रोशन अफसेट प्रेस, भक्तपुर, सम्पादकः **मदनकुमार श्रेष्ठ**